# मातृ मृत्यु मौखिक परीक्षण
# प्रश्नावली भर्ने निर्देशिका

## मातृ मृत्यु निगरानी तथा प्रतिकार्य
## २०७८

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

परिवार कल्याण महाशाखा

टेकु, काठमाडौ

# खण्ड क

## परिचय

### १.१ पृष्ठभूमि

नेपालमा मातृ मृत्यु अनुपात समय अन्तरालसंगै घट्दै गएको देखिएता पनि यसको तह अझै उच्च भएको मानिन्छ । नेपालको संविधान प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकलाई सुनिश्चित गर्दै नेपाल सरकारले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई उच्च प्राथमिकतामा राखेको छ । यसै अनुरूप, सुरक्षित मातृत्व सेवालाई गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन भईरहेका छन् । प्रजनन उमेरका महिलाहरूको मृत्युमध्ये करिब १२ प्रतिशत महिलाको मृत्युको कारण मातृ मृत्यु रहेको पाईन्छ । सन् १९९६ मा प्रति एक लाख जीवित जन्ममा ५३९ मातृ मृत्यु हुने गरेको थियो भने सन् २०१६ मा  मातृ मृत्यु अनुपात २३९ रहेकोमा दिगो विकास लक्ष्य अनुरूप २०३० सम्ममा यसलाई ७० मा झार्ने लक्ष्य रहेको छ । राष्ट्रिय स्वास्थ्य नीति, २०७६, जनसंख्या नीति, २०७१ र पन्ध्रौं योजनाले मातृ मृत्यु घटाउन जोड दिएका छन् ।

मातृ मृत्यु घटाउनको लागि मातृ मृत्युको सङ्ख्या यकिन गर्नुका साथै मृत्युको कारण पत्ता लगाउन अति आवश्यक छ । नेपाल सरकारले सुरक्षित मातृत्व सेवा अन्तार्गत गर्भवती सेवा (Antenatal Care), प्रसूती सेवा (Delivery Care), सुत्केरी सेवा (Post Natal Care) तथा सुरक्षित गर्भपतन सेवा (Safe Delivery) हरु प्रदान गर्दै आएको भएता पनि यी सेवाहरुले मात्र मृत्यु घटाउन सकिदैन भन्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययनहरुले देखाएका छन् । त्यसैले मातृ मृत्यु घटाउन यसको अनुगमनको भरपर्दो संयन्त्र तयार गरी हरेक मृत्युका कारणहरुको अध्ययन र विश्लेषण गरी विद्यमान कारणहरुको निदान गर्नुपर्ने देखिन्छ । अतः मातृ मृत्यु पश्चात घरपरिवारमै पुगी मृत्युको कारण र परिवेश पत्ता लगाउन मौखिक परीक्षण (VA) को व्यवस्था गरिएको छ ।

यस परिपेक्षमा सूरक्षित मातृत्वको लागी महिलाहरुले विशेष गरेर गर्भावस्थामा, सुत्केरी हुँदा र सुत्केरी भैसकेपछि पनि आपतकालीन सेवा लिनु पर्ने हुन सक्छ, तर उनिहरुले आवश्यकता अनुसार यी सेवा लिने गरेका छन् भन्ने जानकारी प्राप्त गर्न यो मौखिक परीक्षणको विकास गर्न लागिएको छ । यस परीक्षणबाट प्राप्त जानकारीका आधारमा नेपाल सरकारलाई सुरक्षित मातृत्व सेवाको विकास तथा सुदृढीकरण गर्न सहज हुनेछ । यस प्रकारको प्रणालीले नेपालमा बर्सेनी अकालमै मृत्यु हुने महिलाहरुलाई बचाउन समेत ठुलो योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### १.२ मौखिक परिक्षण (VA)

मौखिक परिक्षण भनेको विरामीको मृत्यु हुँदा श्रृंखलाबद्द रुपमा घटेका घटना, परिस्थिति, अवस्था, संकेत तथा लक्षणहरू केलाई मृत्युको प्रमुख कारण पत्ता लगाउन मृतकका नातेदार तथा आफन्तहरूसँग गरिने प्रश्नावलीमा आधारित अन्तर्वार्ता हो। यसरी प्रश्नावली तथा अन्य सूचनाका आधारमा समुदायमा भएका मृत्युको प्रमुख कारणहरूको अनुमान गरिन्छ । अर्को अर्थमा भन्ने हो भने मौखिक परीक्षण भनेको यस्तो विधि हो जसबाट मृत्यु भएको व्यक्तिको स्वास्थ्य सम्बन्धी सुचना संकलन गरी उसको मृत्युको कारण पत्ता लगाइन्छ ।

मौखिक परीक्षण विधि (VA) को प्रमुख उद्देश्य भनेको समुदाय तथा जनसंख्या तहमा मृत्युका कारण पत्ता लगाउनु हो । यो विधि विशेष गरी व्यक्तिगत घटना दर्ता प्रणाली तथा मृत्युको प्रमाणपत्र दिने प्रणाली कमजोर, अपूर्ण तथा बेठिक भएको, धेरैजसो व्यक्ति घरमा मृत्यु हुने वा स्वास्थ्य संस्थाको सम्पर्क नभइकन मृत्यु हुने ठाउँमा प्रयोग गरिन्छ । मौखिक परीक्षणका औजारको रुपमा प्रश्नावली, मृत्युको कारणहरुको सूची अथवा मृत्युको कारणहरुको वर्गिकरण, रोग निदान गर्ने मापदण्डका आधार आदि प्रयोगमा ल्याई बिशेषज्ञ द्वारा मृत्युको कारण पत्ता लगाइन्छ । समग्रमा भन्नुपर्दा मौखिक परीक्षण दुइ चरणमा सम्पन्न हुन्छ । प्रथम, अनुभवी अन्तर्वाताकारबाट मृतकका नातेदार अथवा आफन्तबाट मर्नुभन्दा अघिका विभिन्न परिस्थिति, अवस्था, लक्षण आदि प्रश्नावलीको माध्यमबाट सुचना संकलन गरिन्छ । द्धितिय, त्यसरी प्राप्त भएका सुचनाहरु फिजिसियनले समिक्षा गरी वा कम्प्युटर सफ्टवेयरको माध्यमबाट रोगको अन्तर्राष्ट्रिय वर्गिकरणको आधारमा रोगको नाम तथा संकेत निर्धारण गरिन्छ ।

### १.३ मातृ मृत्यु मौखिक परीक्षण

मौखिक परीक्षण विधिबाट समुदायमा भएका मातृ मृत्युको मुख्य कारक रोगलाई पहिचान गर्न सकिन्छ । यस विधिले चिकित्सा तथा चिकित्सा बाहिरका सुचनाहरु समेत प्रयोग गर्ने तथा परिवार र समुदायको सुचना समेत समावेश गर्ने भएकोले यसलाई एक व्यापक तथा विस्तृत विधिको रुपमा लिईन्छ जसले गर्दा यसबाट निकालिएका निष्कर्षहरु वास्तविकताको नजिक हुन्छन् । यद्यपी नातेदार तथा आफन्तले सम्झेर भनेका, मातृ मृत्यु हुनुभन्दा अगाडिका घटना, लक्षण तथा तथ्यहरु कहिलेकाँहि मृत्युको कारणहरुको लक्षण हुन सक्ने भएकोले कारण पत्ता लगाउन गाह्रो हुन्छ ।

यसैगरी यस विधिबाट निश्चत रोगहरु किटान गर्नका लागि केहि पृथक लक्षणहरुको सूचिको आवश्यकता पर्दछ र जसको अभावमा मृत्युको कारण निरक्यौल गर्न जटिल हुन्छ, जस्तैः अन्य मृत्युको कारणहरु

जस्तै फोक्सोको क्यान्सर, क्षयरोग, मधुमेह, विभिन्न प्रकारका कलेजोको रोगहरु आदि । त्यसकारण हालसम्मको अनुसन्धानको अनुभवले के सिकाएको छ भने मातृ मृत्युको मौखिक परीक्षण गर्दा प्रश्नावलीको अलावा घरपरिवारमा उपलब्ध भएका चिकित्सा संम्बन्धि डकुमेन्ट तथा सुचनाहरुको समेत संकलन गनुपर्दछ जसले गर्दा मातृ मृत्युको कारणको अनुमान गर्न सहज हुन्छ ।

## १.३ मातृ मृत्यु मौखिक परीक्षणको महत्वपूर्ण पक्ष

मातृ मृत्युको मौखिक परीक्षण गर्नुपूर्व विभिन्न कुराहरुमा ध्यान दिनुपर्दछ, जसलाई निम्नलिखित बुंदामा वर्णन गर्न सकिन्छः

क) स्तरिय सर्भे औजार जस्तैः फ्रि टेक्स्ट सारांश, संगठित प्रश्नावली विधिबाट जसरी समुदायमा भएका मृत्युहरुको कारणहरुको अनुमान गरिन्छ त्यसैगरी मातृ मृत्युको पनि घरपरिवारमा भएको चिकित्सा सम्बन्धि डकुमेन्ट तथा सूचनाको संकलन तथा रेकर्डिङ्गबाट पहिचान गर्न सकिन्छ ।

ख) प्रश्नकर्ताको मौखिक परीक्षण गर्नको लागि योग्यता, अनुभव, तालिम तथा इमान्दारिता आदि ।

ग) सही उत्तरदाताको चयनः मृतकको नातेदार तथा हेरचाहमा खटिएका आफन्तको उपलब्धता, शैक्षिक योग्यता, लिङ्ग, उमेर तथा अन्य सांस्कृतिक पक्षहरु ।

घ) सम्झनाको अन्तरालः न्यूनतम तथा अधिकतम सम्झने अन्तराल ।

ङ) मृत्युको कारण निर्धारण तथा रोगको अन्तर्राष्ट्रिय वर्गिकरणको संकेतिकरण, अनुभवि फिजिसियन / दक्ष स्वास्थ्यकर्मीको उपलब्धता, स्तरीय प्रोटोकलको आधारमा समिक्षा, कम्प्युटर प्रोग्राम अल्गोरिदम, रोगको अन्तर्राष्ट्रिय वर्गिकरणको तालिका ।

च) औचित्यता अध्ययन आदि ।

## २. अन्तर्वार्ता लिंदा प्रश्नकर्ताले ध्यान दिनुपर्ने प्रमुख बुँदाहरू

कुनैपनि कार्यक्रम तर्जुमा गर्नकालागि वास्तविक, सही तथा विश्वसनीय सूचनाहरुको आवश्यकता पर्दछ । यदि हामीले संकलन गरेका सुचनाहरु गलत अथवा शंकास्पद छन् वा हाम्रो गाउँ घरको यथार्त स्थिति भन्दा फरक छन् भने त्यस्ता सुचनाहरुको आधारमा हामीले तयार गर्ने सुरक्षित मातृत्व कार्यक्रमबाट मातृ मृत्यु घटाउने हाम्रो उद्देश्य पूरा हुन सक्दैन ।

यस प्रश्नावलीमा राखिएका सम्पूर्ण प्रश्नहरु ज्यादै महत्वपूर्ण छन् । प्रत्येक प्रश्नको आ-आफ्नै उद्देश्य र महत्व छ । अन्तर्वार्ता लिने व्यक्ति, कुन प्रश्नबाट के जानकारी लिन खोजिएको हो र प्रश्नहरू कसरी

सोध्नु पर्दछ भन्ने सम्बन्धमा स्पष्ट हुनु अत्यावश्यक हुन्छ । अतः यस निर्देशिकामा ती सबै कुराहरू व्याख्या गरिएको छ । अन्तर्वार्ता लिने काम एक प्रकारको कला हो र संकलन गरिएका सूचनाहरूको तथ्यता र विश्वसनीयता प्रश्नकर्ताको व्यक्तिगत क्षमता र कौशलतामा भर पर्दछ । अतः सत्य तथ्य सूचना संकलन गर्नका लागि अन्तर्वार्ता लिने व्यक्तिले आफूमा त्यस किसिमको क्षमता तथा कौशलताको विकास गर्नु जरुरी हुन्छ ।

प्रत्येक अन्तर्वार्ता एउटा नयाँ जानकारीको स्रोत हो, तसर्थ यसलाई रोचक र आनन्ददायी बनाउनु पर्दछ । अन्तर्वार्ता लिने कला अभ्यासका क्रममा निखारिँदै जान्छ । तर अन्तर्वार्ता लिनुका पनि केही आधारभूत सिद्धान्तहरू छन् जसलाई प्रत्येक सफल प्रश्नकर्ताले पालना गर्नुपर्दछ । निर्देशिकाको यस भागमा अन्तर्वार्ता दिने व्यक्तिसँग कसरी राम्रो सम्बन्ध बनाउने र सफल अन्तर्वार्ता कसरी लिने भन्ने बारेमा केही निर्देशन र सुझावहरू प्रस्तुत गरिएका छन् ।

## २.१ अन्तर्वार्ताको प्रारम्भ र औपचारिकतामा ध्यान दिनुहोस्

- अन्तर्वार्ताका लागि उत्तरदातासँग समय मिलाईएको छ भने समयमै हामीहरू पुग्नुपर्दछ ।
- समय मिलाइएको छैन भने पनि समयको विचार पुर्याएर जानुपर्दछ । खाना खाने समयमा, सुत्ने समय तथा व्यस्त रहने समयमा जानु हुदैन ।
- उत्तरदातासँग भेट हुँदा आफैले नमस्कार गर्नुपर्दछ ।
- उत्तरदातालाई खुलेर कुरा गर्न सक्ने वातावरणको तयारी गराउनुनै सफल प्रश्नकर्ताको गुण हो ।
- धेरै ठाउँमा स्थानीय बासिन्दाहरूले बाहिरबाट आउने मानिसहरूलाई शंकाको दृष्टिले हेर्ने गर्दछन् । त्यसैले फिल्डमा खटिदा कर्मचारीहरूले सर्व प्रथम उत्तरदाता र घर परिवार समक्ष आफ्नो परिचय, उद्देश्य र प्रयोजन तथा तथ्याङ्कको महत्व आदिबारे राम्ररी सम्झाई बुझाई सकेपछि मात्र अन्तर्वार्ता लिन शुरु गर्नु पर्दछ ।
- प्रश्नकर्ताले आफ्ना चाल चलन एवं बानी व्यहोरा राम्रो छ भन्ने कुराको भान (आभास) उत्तरदातालाई दिलाउन सक्नु पर्दछ र सम्भव भएसम्म स्थानीय चाल चलन, बोली (भाषा), रीति रिवाज आदिलाई अँगाल्नु पर्दछ ।
- उत्तरदाताले संकलित सूचनाको प्रयोग बारेमा जानकारी लिन चाहेमा त्यसको लागि पनि मार्गदर्शक बन्नु पर्दछ ।

## २.२ उत्तरदातासँग घनिष्ठ सम्बन्ध राख्नुहोस्

कुनै पनि मानिस आफूले राम्ररी नचिनेको अर्को व्यक्तिसँग आफ्नो कुरा अथवा विचार खुलस्त रुपमा भन्न हिच्किचाउँछन् । अन्तर्वार्ता दिने व्यक्तिले तपाईलाई राम्ररी नचिनेको हुन सक्छ र तपाईले सोधेका प्रश्नहरूको सही जवाफ नदिन सक्छ । त्यसकारण अन्तर्वार्ता लिन शुरु गरिहाल्नु भन्दा पहिले उत्तरदातासँग आफू राम्ररी परिचित हुनुहोस् । उत्तरदाताकै बारे अथवा उनका छोराछोरीको स्वास्थ्य, पढाईलेखाई आदि विषयमा सोधेर उहाँसँग बढी घनिष्ट हुने कोशिस गर्नुहोस् । साथै आफू के कामले कहाँबाट आएको र सूचना संकलन गर्नुको उद्देश्य के हो भन्ने स्पष्टसँग जानकारी दिनुहोस् । उहाँले दिएको जानकारीले मातृ मृत्यु घटाउने काममा ठूलो सहयोग पुग्छ भन्ने विश्वास दिलाउनुहोस् । त्यसपछि उहाँलाई, तपाईले सोधेको प्रश्नको जवाफ दिएर सहयोग गर्नका लागि विनम्रता पूर्वक अनुरोध गर्नुहोस् । उत्तरदाता अन्तर्वार्ताका लागि तयार भएपछि मात्र प्रश्न सोध्न शुरु गर्नुहोस् ।

## २.३ उत्तरदाताको अनुकुल समयमा अन्तर्वार्ता लिनुहोस्

तपाई अन्तर्वार्ता लिन गएको समयमा उत्तरदातालाई घरको कामले अथवा अन्य कुनै कारणवश फुर्सद नहुँदानहुँदै हतार हतारमा प्रश्नहरू सोध्न थाल्नुभयो भने उहाँले प्रश्न नै नबुझिकन जवाफ दिन सक्छन् अथवा सहि जवाफ नदिएर जति सक्यो चाँडो अन्तर्वार्ता टुंङ्गयाउने तिर लाग्न सक्छन् । त्यसलेगर्दा चाहे अनुसार यथार्थ सूचना हामीलाई प्राप्त नहुन सक्छ । त्यसकारण अन्तर्वार्ताको लागि उत्तरदातालाई फुर्सद छ/ छैन, यकिन गर्नुहोस ।

## २.४ गोपनीयताबारे उत्तरदातालाई आश्वस्त बनाउनुहोस्

उत्तरदाताको जवाफ बिल्कुलै गोप्य राखिने र अध्ययनकालागि मात्र प्रयोग गरिनेछ भन्ने सम्बन्धमा उहाँलाई विश्वास दिलाउनुहोस् । अन्यथा उत्तरदाताले जवाफ दिन हिचकिचाउन वा डराउन सक्छन् र हामीले यथार्थ जानकारी प्राप्त नगर्नपनि सक्छौं । साथै गोपनीयता कायम राख्नका लागि सकेसम्म अरु असम्बन्धित मानिसहरूबाट टाढा, अरुले नसुन्ने, एकान्त ठाॅउमा बसेर अन्तर्वार्ता लिनुहोस् ।

यदि उत्तरदाताले जवाफ दिन संकोच या हिचकिचाहट व्यक्त गरेमा, अथवा यो तथ्याङ्क के का लागि प्रयोग गरिने हो भनेर सोधेमा उनलाई संकलित तथ्याङ्क विवरण गोप्य रहन्छ, कुनै पनि नाम कतै पनि प्रयोग गरिने छैन र सवै विवरण, तथ्याङ्क एक ठाउँमा जम्मा पारी प्रतिवेदन तयार गर्ने काममा मात्र प्रयोग हुन्छ भन्ने कुरा विश्वास दिलाउनुहोस् । कसैसँग लिएको अन्तर्वार्ताको विवरण अरु कसैलाई भन्ने

वा उत्तरदाताको अगाडी अरुबाट भरिएका फारमहरू सुपरिवेक्षक वा अरुलाई देखाउने आदि काम कहिल्यै गर्नुहुदैन। यस्तो कहिल्यै गरिने छैन भन्ने विश्वास दिलाउनुहोस् ।

## २.५ आफूलाई सधै निष्पक्ष राख्नुहोस्

धेरैजसो मानिसहरू विनम्र हुन्छन् र तपाई जस्तो चाहनुहुन्छ वा तपाईलाई जस्तो मनपर्छ त्यस्तै जवाफ दिन्छन् । तसर्थ, अन्तर्वार्ताको क्रममा तपाई पूर्णतया तटस्थ देखिनु अत्यन्त महत्वपूर्ण हुन्छ । तपाईको हाउ भाउले, इशारा वा बोलीले उत्तरदातालाई सही वा गलत उत्तर दिदैंछु भन्ने नपरोस्, उत्तरदाताले दिएको जवाफलाई समर्थन गर्ने वा नगर्ने जस्तो व्यवहार कहिले पनि देखाउनुहुदैन ।

उत्तरदाताले दिएको जवाफ तपाईको विचारसँग नमिल्न सक्छ । यदि उत्तरदाताले दिएको जवाफसँग तपाई सहमत नहुनु भएको वहांले थाहा पाउनु भयो भने प्रश्नको जवाफ दिंदा बढी होशियारिता अपनाउन सक्छन् । आफ्नो विचार जे भएपनि तपाईको विचारसँग मिल्नेगरी जवाफ दिने कोशिस गर्न सक्छन् । त्यसकारण उत्तरदाताको जवाफ प्रति आफ्नो कुनै प्रतिक्रिया नदेखाउनुहोस र जहिलेपनि आफू निष्पक्ष भएर प्रश्न सोध्नुहोस् ।

प्रश्नहरू तटस्थ रहनेगरी तयार गरिएका छन् । फारमले यो भन्दा त्यो उत्तर वा जवाफ राम्रो हुन्छ भनेर इङ्गित गरेको छैन । तर फारमको प्रश्न पूर्णरुपमा सोधिएन भने यो तटस्थ नरहन सक्छ । यदि अन्तर्वार्ता दिने व्यक्तिले अस्पष्ट वा अर्थ नलाग्ने जवाफ दिएमा प्रष्ट जवाफ प्राप्त गर्न तपाईले फेरि सोध्नुपर्ने हुन्छ । उदाहरणका लागिः

- “यसलाई अझै प्रष्ट पारिदिनुहुन्छ कि ?
- “मैले राम्रोसँग सुनिन, एकचोटि फेरि भनिदिनुहुन्छ कि ?
- “हतार गर्नुपर्दैन, एक छिन सोचेर जवाफ दिनुभएहुन्छ” आदि ।

## २.६ उत्तरदातालाई सम्मान गर्नुहोस्

तपाईका उत्तरदाताहरू मध्ये कुनै अशिक्षित, साधारण गाउँले हुन सक्छन्, कुनै पढेलेखेका र बढी जान्ने हुन सक्छन, कुनै सम्पन्न अथवा कुनै विपन्न परिवारको पनि हुनसक्छन् । जे भएतापनि सबै उत्तरदाताहरू तपाईको लागि बराबर हुन् । त्यसकारण तपाईले कुनै पनि भेदभाव नगरी सबैलाई समान रुपले व्यवहार गर्नुहोस् र उत्तिकै आदर सम्मान दिनुहोस् ।

### २.७ उत्तरदाताले सोधेका कुराहरूको प्रष्टसँग जवाफ दिनुहोस्

अन्तर्वार्ता दिन सहमत हुनुअघि उत्तरदाताले सर्वेक्षणको बारेमा वा सर्वेक्षणमा आफू कसरी परियो भन्ने बारेमा जानकारी लिन सक्नेछन् । यस्ता प्रश्नको जवाफ राम्रोसँग सोझो प्रकारले हँसिलो मुद्रामा दिनुपर्दछ । उत्तरदाताले अन्तर्वार्ता दिन लाग्ने समयबारे सोध्न सक्छन् । यदि कति समय लाग्छ भनेर कसैले प्रश्न सोधेमा अनुमानित लाग्ने समय बताईदिनुहोस् । यदि अन्तर्वार्ता दिने व्यक्ति अहिले तयार छैनन् भने उनलाई आफू अर्को अनुकूल समयमा आउन सक्ने कुराको जानकारी दिनुहोस् ।

### २.८ प्रश्नहरू स्पष्ट बुझिनेगरी सोध्नुहोस्

यस प्रश्नावलीमा सोधिएका प्रश्नहरू सकेसम्म सरल भाषामा सजिलैसँग बुझिनेगरी लेख्ने प्रयास गरिएको छ । त्यसकारण प्रश्न गर्दा प्रश्नावलीमा जे लेखिएको छ त्यसैलाई "प्रश्न सोध्ने" तरिकाबाट पढ्नुहोस् । प्रश्न सोध्दा विस्तारै उत्तरदाताले बुझ्ने गरी पढ्नुहोस् । तपाईले सोधेको प्रश्न उत्तरदाताले बुझेको छ वा छैन भन्ने यकिन गर्न जहिले पनि उत्तरदाताको अनुहारमा हेरेर प्रश्न सोध्नुहोस् । प्रश्नावलीमा रहेको शब्दावली हेरफेर गर्नुहुँदैन। यदि उत्तरदाताले प्रश्न बुझेनन् भने विस्तारै प्रष्ट बुझिनेगरी फेरि सोध्नुपर्छ । यदि यसो गर्दा पनि प्रश्न बुझाउन सकिएन भने तपाईले कुनै कुनै शब्द बदल्न सक्नुहुन्छ तर यसो गर्दा प्रश्नमा रहेको निहित अर्थमा कुनै परिवर्तन आउन दिनु हुँदैन । उपयुक्त जवाफ प्राप्त गर्न अत्यावश्यक जानकारी मात्र उत्तरदातालाई प्रदान गर्नु पर्छ ।

### २.९ स्किप अनुसार प्रश्न सोध्नुहोस्

प्रश्नावलीमा सबै प्रश्नहरू क्रमबद्ध गरी राखिएको छ । त्यसकारण क्रमैसँग प्रश्नहरू सोध्दै जानुपर्छ । कुनै कुनै प्रश्नहरूको "जवाफ" को आधारमा अर्को कुन प्रश्न सोध्ने हो यकिन गर्नुपर्ने हुन्छ । यसका लागि प्रश्नको जवाफ टिपिसकेपछि सँगैको "मा जाने" महलमा हेर्नुहोस् र जवाफको आधारमा अब अर्को कुन प्रश्न सोध्नु पर्छ, सोको यकिन गर्नुहोस् ।

### २.१० उत्तरदातालाई प्रश्नको उत्तर संकेत नगर्नुहोस्

यस प्रश्नावलीमा सोधिएका प्रश्नहरूको प्राय सबै सम्भाव्य उत्तरहरू प्रश्नसँगै राखिएका छन् उत्तरदाताको जवाफको आधारमा कुनै एक उत्तरमा गोलो लगाउनुपर्छ । तर प्रश्न सोध्दा उत्तरदाताको जवाफलाई प्रभाव पर्ने गरी प्रश्न गर्नुहुँदैन । उदाहरणको लागिः "तपाईको गाउँघरमा कसैले गर्भपतन गराएको त

तपाईलाई थाहा छैन होला ? यदि यसरी प्रश्न सोध्नुभयो भने उत्तरदातालाई गर्भपतन गराएको थाहा भएपनि "अहँ, थाहा छैन" भन्ने जवाफ दिनसक्छन् ।

## २.११ अन्तर्वार्ता दिन अनिच्छुक र असजिलो मान्नेहरूलाई मनाउनुहोस्

कहिलेकाँही कुनै उत्तरदाताले जे सोधेपनि "मलाई थाहा छैन" भन्नसक्छ, असान्दर्भिक जवाफ दिन सक्छ वा अन्तर्वार्ता प्रति रुचि नभएको प्रदर्शन गर्नसक्छ वा पहिले दिएको जवाफको विपरीत हुनेगरी जवाफ दिन सक्छन् । यस्तो अवस्थामा तपाईले कुराकानीद्धारा उसलाई अन्तर्वार्ता दिन अभिप्रेरित गर्नुपर्छ । उदाहरणको लागि, यदि तपाईलाई कुनै महिला र पुरुष अन्तर्वार्ता दिन लजाउने वा डराउने जस्तो लाग्यो भने अन्तर्वार्ता लिनु अघि अरुनै कुराकानी गरेर उनलाई अन्तर्वार्ता दिन प्रेरित गर्न सकिन्छ । यस्तो अवस्थामा त्यहाँको गाउँ, बस्ती, मौसम, दैनिक कामकाज आदिको बारेमा कुराकानी गर्दै छलफल सुरु गर्न सकिन्छ ।

यदि कुनै उत्तरदाताले असान्दर्भिक र लम्बाचौडा जवाफ दिन थालेभने उनलाई तत्काल ठाडै नरोक्नुहोस् बरु उनले भनेका कुरा सुन्नुहोस् र विस्तारै उनलाई सोधेको प्रश्नतिर उन्मुख गराउनुहोस् । अन्तर्वार्ता अवधिभर एउटा सुखद र सौहादपूर्ण वातावरण कायम भएको हुनुपर्छ । यस्तो वातावरण तबमात्र सम्भव हुन्छ जब उत्तरदाताले प्रश्नकर्तालाई एउटा मित्रवत सहानुभुति राख्ने र विश्वासिलो व्यक्तिको रुपमा पाउँछ । यति भएमा मात्र अन्तर्वार्ता दिने व्यक्तिले निर्धकसँग आफूलाई लागेको कुरा भन्न सक्छ । यसमा एउटा मुख्य समस्या अन्तर्वार्ता लिने स्थानको पर्न सक्छ किनभने अन्तर्वार्ता भइ रहदा अरु व्यक्तिको उपस्थिति हुनु हुदैन । अरु व्यक्ति आएर "डिष्ट्रव" नगर्ने स्थलको चयन हुन सकेमा अन्तर्वार्ता सफल हुनसक्छ ।

यदि उत्तरदाता जवाफ दिन अनिच्छुक छन् भने, उनको यस अनिच्छालाई हटाउने प्रयास गर्नुहोस् । यसको लागि यस्तै प्रश्नहरू देशका विभिन्न भागमा विभिन्न मानिसहरूलाई सोधिएको छ र यस अन्तर्वार्ताको नतिजालाई अरु नतिजासँग मिलाएर तथ्याङ्क प्रशोधन, विश्लेषण गरिने कुरा बताउनुहोस् । यदि प्रयासका बाबजुद पनि अन्तर्वार्ता दिन नमानेमा प्रश्नावलीमा "अन्तर्वार्ता दिन नचाहेको" भन्ने उल्लेख गर्नुपर्छ । स्मरणीय छ कसैलाई पनि अन्तर्वार्ता दिन बाध्य गर्न मिल्दैन ।

## २.१२ उत्तरदाताको बारेमा कुनै पूर्वधारणा नराख्नुहोस्

प्रश्नावली भर्दा उत्तरदाताले जवाफ दिएको परिधिभन्दा बाहिर जानु हुँदैन, अर्थात सकेसम्म उत्तरदाताको भनाईलाई आफ्नो अर्थ नलगाई लेख्ने गर्नुपर्दछ । उत्तरदाताको योग्यता र ज्ञानको बारेमा कुनै पूर्वधारणा

राख्नु हुँदैन । प्रश्नकर्ताले उत्तरदातासँग प्रश्न गर्दा दिएको जवाफप्रति कुनै पनि प्रकारको पूर्व धारणा नराखी जे भनिएको छ सोही लेख्नुपर्दछ । आफैले कुनैपनि प्रकारको उत्तर अनुमान गरी लेख्नु हुँदैन । उदाहरणको लागि, ग्रामीण क्षेत्रका अशिक्षित मानिसहरू स्वास्थ्यकर्मी, स्वास्थ्यसंस्था तथा उपचारविधिका बारेमा केही पनि जान्दैनन् भन्ने सोचाई नराख्नुहोस् । अन्तर्वार्ता लिँदा पहिलेका कुराहरूलाई आधार मानी वा अनुभव छ भन्ने भरमा उत्तरहरूको अनुमान कहिल्यै पनि गर्नु हुँदैन । किनभने समयको अन्तरालमा मानिसका इच्छा, चाहना, मूल्य तथा मान्यता र विकासको क्रममा आएका परिवर्तन आदि सबै कुराहरूले अनुसन्धानको उद्देश्यलाई नै प्रभाव परिरहेको हुन्छ । यसर्थ कहिल्यै पनि कुनै पनि प्रश्नहरूको उत्तर अनुमानको भरमा लेख्नु हुँदैन ।

## २.१३ अन्तर्वार्ता सम्पन्न गर्न कहिल्यै हतार नगर्नुहोस्

प्रश्नहरू विस्तारै सोध्नुपर्छ ताकि जवाफ दिने व्यक्तिले राम्रोसँग बुझेर मात्र जवाफ दिनसकोस् । एउटा प्रश्न सोधेपछि जवाफ प्राप्त गर्न केहीबेर पर्खनु पर्ने हुनसक्छ । यदि अन्तर्वार्ता दिने व्यक्तिलाई तपाई हतारमा हुनुहुन्छ भन्ने लागेमा वा तपाईले प्रश्नको जवाफ दिन पर्याप्त समय दिएको छैन भन्ने लागेमा मलाई थाहा छैन भन्ने किसिमको र गलत जवाफ पाउने सम्भावना बढी रहन्छ । यदि तपाईलाई अन्तर्वार्ता दिने व्यक्तिले नसोचिकन जथाभावी जवाफ दिइरहेको छ भन्ने लागेमा यसमा हतार गर्नुपर्दैनः तपाईको उत्तर वा जवाफ धेरै महत्वपूर्ण छ, तसर्थ विस्तारै सोचेर मात्र जवाफ दिनुहोस् भन्नुपर्छ ।

## २.१४ अन्तर्वार्ताको भाषा

अन्तर्वार्ता लिने स्थानमा तपाई पुग्नु भएपछि तपाईले गर्ने पहिलो काम त्यहाँ बोलिने भाषाको निक्र्यौल गर्नु होस् । तपाईहरू स्थानीय व्यक्ति भएको हुनाले उत्तरदाताहरूले तपाईको भाषा नबुझ्ने सम्भावना अत्यन्त कम हुन्छ । यदि भाषा नमिल्ने उत्तरदाता परेमा दुवै थरी (प्रश्नकर्ता र उत्तरदाता) ले बुझ्ने अर्को दोस्रो भाषामा अन्तर्वार्ता लिनु पर्छ । तथापि, प्रश्नावलीको शब्द बनोटलाई स्थानीय बोलीचालीको भाषा (लवज) मा बदल्नु पर्ने बेला पनि आउन सक्छ । प्रश्नावलीको शब्द बनोट बदल्दा वा प्रश्नलाई अर्को भाषामा वर्णन गर्दा प्रश्नको माने र आशय जस्ताको त्यस्तै राख्नु (नबदल्नु) अत्यन्त महत्वपूर्ण हुन्छ ।

### २.१५ उत्तरदातालाई प्रश्नको जवाफ यस्तो होला भनेर कहिल्यै सुझाव नदिनुहोस्

यदि उत्तरदाताको जवाफ प्रसङ्गवश सान्दर्भिक छैन भने तपाईले कदापि, "तपाईले यस्तो भन्नु भएको होला, होइन?" भनेर आफ्नो विचार नराख्नुहोस् । धेरैजसो उत्तरदाताहरू उनीहरूले दिएको जवाफको तपाईले लागाउने अर्थ प्रति सहमत हुनपुग्छन्, जबकि उनीहरूले भन्न खोजेको अर्थ फरक हुनसक्छ । तपाईले उनीहरूलाई जवाफ दिनेतर्फ अभिप्रेरित गर्नुपर्छ, आफै जवाफ बनाएर दिनुहुदैन । तपाईले प्रश्नावलीमा रहेका साङ्केतिक उत्तरहरू भन्नुहुँदैन । उत्तरदातालाई जवाफ दिन अप्ठेरो परेको बेलामा समेत साङ्केतिक उत्तर नभन्नुहोस् ।

### २.१६ अन्तर्वार्ता समापन गर्नुअघि प्रश्नावली पूर्णरुपमा भरेको छ/छैन यकिन गर्नुहोस्

उत्तरदातासँग अन्तर्वार्ता लिइसकेपछि अन्तर्वार्ताको समापन कसरी गर्ने भन्ने कुरा एउटा महत्वपूर्ण चरण हो । त्यसकारण अन्तर्वार्ता पूरा भएपछि एकपटक प्रश्नावलीको शुरुदेखि अन्त्य सम्म सरसरती हेर्नुहोस्, सोध्नुपर्ने कुनै प्रश्न छुटेको छ कि याद गर्नुहोस् । यदि छुटेको छ भने तत्कालै सोध्नुहोस् । अन्तर्वार्ताको समापन सौहार्दपूर्ण एवं मित्रतापूर्ण वातावरणमा हुनुपर्छ । यसरी अन्तर्वार्ताको समाप्त गरियो भने प्रश्नकर्ता केही अरु सूचनाको लागि फेरि जानु पर्यो भने सहज हुन्छ । अन्तर्वार्तामा सहभागी सबैले व्यक्तिगत विवरण र अमूल्य समय दिएर गुन (सहयोग) लगाउनु भएको हुन्छ । उनीहरूको त्यस्तो सहयोगलाई आफुले महशुस गरी अत्यन्त खुशी भएको कुरा व्यक्त गर्नुहोस् । अन्त्यमा परिवारले गरेको सहयोगका लागि धन्यवाद दिनुहोस र फेरि भेट्ने आशा राखेर शिष्टता पूर्वक विदा लिनुहोस् ।

## ३. प्रश्नावली सम्बन्धी जानकारी

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न तपाईले हरेक प्रश्नहरू कसरी सोध्नुपर्छ, त्यस प्रश्नबाट कस्तो जानकारी हासिल गर्न खोजिएको हो र अन्तर्वार्ताको क्रममा आईपर्ने समस्याहरू कसरी समाधान गर्ने आदि आवश्यक कुराहरू जानेको हुनुपर्छ । साथै, उत्तरदाताले दिएको जवाफ प्रश्नावलीमा ठीक तरिकासँग कसरी लेख्ने र प्रश्नावलीमा रहेका विशेष निर्देशनहरू कसरी पालना गर्ने भन्नेबारे जानकारी हासिल भएकै हुनुपर्छ । निर्देशिकाको यस भागमा तपाईलाई यस अध्ययनको प्रश्नावलीसँग परिचित गराउनेछ ।

### ३.१ प्रश्न सोध्ने तरिका

प्रश्नावलीमा जसरी लेखिएको छ त्यसरी नै प्रश्न सोध्ने कुरा एकदमै महत्वपूर्ण छ । प्रश्न सोध्दा बिस्तारै तर प्रष्टसँग सोध्नु पर्दछ ता कि उत्तरदातालाई प्रश्न सुन्न र बुझ्न कुनै अप्ठेरो वा गाह्रो नहोस् । कहिले

काहीं तपाईले प्रश्न दोहोर्याएर पनि सोध्नु पर्ने हुन्छ ता कि उत्तरदाताले प्रश्न बुझेको छ भन्ने कुरा सुनिश्चित होस् । यसरी दोहोर्याउँदा प्रश्न बदलिनु हुँदैन, पहिले जसरी सोधिएको छ वा प्रश्नावलीमा जसरी लेखिएको छ त्यसरी नै सोध्नुपर्दछ ।

यदि कुनै प्रश्न दोहोर्याएर सोध्दा पनि उत्तरदाताले बुझ्न सकेनन् भने तपाईले उनले बुझ्ने गरी प्रश्न सोध्नुपर्छ । प्रश्न सोध्दा केही शब्द परिवर्तन गर्न सकिन्छ तर प्रश्नको अर्थ कदापी बदल्न मिल्दैन । कहिले काँही तपाईले अतिरित्त प्रश्नहरू सोध्नु पर्ने हुन्छ र यसबाट पूर्ण जवाफ प्राप्त गर्न सकिन्छ । तर यसो गर्दा तपाईले सोधेका थप प्रश्नहरू तटस्थ हुनुपर्ने कुरामा ध्यान दिनुपर्छ र उत्तरदातालाई कुनै पनि हालतमा सम्भाव्य उत्तर बताउनु वा संकेत गर्नु हुँदैन।

## ३.२ उत्तर लेख्ने तरिका

प्रश्नकर्ताले उत्तरहरू लेख्दा डटपेनले लेख्नुपर्छ । प्रश्नावली भर्दा पेन्सिलको प्रयोग कहिल्यै नगर्नुहोस् । यस प्रश्नावलीमा विभिन्न किसिमका प्रश्नहरू छन् जुन यस प्रकार छन्ः

### (क) पूर्व संकेत उत्तर भएका प्रश्नहरुः

केही प्रश्नहरूको उत्तरदाताबाट प्राप्त हुन सक्ने जवाफ अनुमान गर्न सकिन्छ । यस्ता प्रश्नका सम्भाव्य जवाफहरू प्रश्नावलीमा दिइएका छन् । उत्तरदाताको जवाफ लेख्न तपाईले उत्तरदाताले दिएको उत्तरको मिल्दो नम्बर (संकेत) मा गोलो लगाउनु पर्छ । यसरी गोलो लगाउँदा एउटा गोलो चिन्हले एउटा संकेतलाई मात्र गोलो गरेको (घेरेको) हुनु पर्दछ । प्रश्नावलीमा सम्भावित उत्तरहरूको संकेत अंङ्क लेख्नुपर्ने हुन्छ त्यहाँ नेपालीमा लेख्नुहोस् ।

उदाहरण

| प्र.नं. | प्रश्नहरू | |
|---|---|---|
| २०३ | उहाँ (मृतक) को तपाई (उत्तरदाता) संग के नाता, सम्बन्ध छ? | श्रीमान ........................................ (१)<br>आमा/बुवा/सासु/ससुरा ....................... २<br>छोरा/छोरी ..................................... ३<br>परिवारको अन्य सदस्य ...................... ४<br>सेवा प्रदायक ................................... ५<br>अन्य (खुलाउने) ____________________ ९६ |

**(ख) बहुउत्तर आउने प्रश्नहरुः**

कुनै कुनै प्रश्नहरूमा एक भन्दा बढी जवाफहरू आउन सक्ने हुन्छ । तपाईले उत्तरदाताले दिएका सबै उत्तरहरूको संकेतमा गोलो लगाउनुपर्छ । प्रश्नावलीमा जुन जुन प्रश्नमा बहु उत्तर आउने सम्भावना हुन्छ ती प्रश्नसँग “बहु उत्तर सम्भव छ” लेखिएको हुन्छ । यस्तो लेखिएको प्रश्नमा मात्र बहु उत्तर लिनुहोस् वा एक भन्दा बढी उत्तरका संकेत अङ्कमा गोलो लगाउनुहोस । बहुउत्तर सम्भव छ भन्ने नलेखिएका कुनै पनि प्रश्नमा उत्तरदाताले जवाफ दिइसके पछि यी बाहेक अरु पनि केही छ कि भनी सोध्नुहोस् ।

उदाहरणः

| प्र.नं. | प्रश्नहरू | प्रत्युत्तर |
|---|---|---|
| ९०४ | यदि उहाँ (मृतक) ले मृत्यु हुनु अघि बिरामी हुदा स्वास्थ्य संस्था वा अन्य ठाउँमा उपचार नगराएको भए उपचार किन गराउनु भएन ?<br>(बहुउत्तर सम्भव छ) | आवश्यक नठानेर................................१<br>उपचार गराउनु पर्छ भन्ने थाहा नभएर........२<br>स्वास्थ्य संस्था टाढा भएर......................(३)<br>खर्चको जोहो गर्न नसकेर........................४<br>यातायातको सुबिधा नभएर......................(५)<br>अन्य (खुलाउने) ________________ ९६<br>थाहा छैन................................................९८ |

**(ग) पूर्व संकेत नगरिएका जवाफहरू लेख्नु पर्ने प्रश्नहरुः**

कुनै अवस्थामा उत्तरदाताले दिएको जवाफ उनकै शब्दमा लेख्नै पर्ने हुन्छ । यस्तो प्रश्नमा उत्तर जसरी दिइएको छ त्यसरी नै लेख्ने कोशिस गर्नुपर्दछ । यदि कुनै लामो उत्तरलाई छोट्याएर लेख्नुपर्यो भने त्यस उत्तरको वास्तविक अर्थ नबिग्रने कुरामा विशेष ध्यान पुर्याउनु पर्छ । आवश्यक परेमा प्रश्नावलीको पृष्ठको छेउ वा पुछारमा “नोट” लेखेर वर्णन गर्न सकिन्छ।

उदाहरणः

| प्र.नं. | प्रश्नहरू | |
|---|---|---|
| १० ०६ | *नोटः यदि मृत्यु प्रमाण पत्र उपलब्ध भए प्रमाण पत्रमा लेखिए अनुसार मृत्युको कारण लेख्नुहोसः* | ____________________<br>________ |

**(घ) दिइएको बाकसमा नम्बर (अंक) वा मिति भर्नुपर्ने प्रश्नहरुः**

कुनै कुनै प्रश्नहरूको लागि दिइएको बाकस (हरू) मा तपाईले नम्बर (अंक) वा मिति लेख्नु पेर्ने हुन्छ।

जहाँ जवाफ लेख्न उपलब्ध गराइएको बाकसहरू भन्दा थोरै संख्याको अंकहरू भएको जवाफ आउँछ, यस्तो जवाफलाई पछाडीको बाकसमा लेखेर अगाडिको बाँकी बाकसहरूमा शून्य लेख्नुपर्छ ।

उदाहरणको लागिः यदि प्रश्नको जवाफ तीन (३) आयो, तर उक्त जवाफ लेख्न उपलब्ध कोष्ठहरू दुइवटा छन् भने बाकसमा यस प्रकार लेख्नुपर्छः

| प्र.नं. | प्रश्नहरू | |
|---|---|---|
| ७०१ | उहाँ (मृतक) को प्रसुती व्यथा सुरु भएको कति समय पछी बच्चा जन्मिएको थियो ? | \| ० \| ३ \| घण्टा<br>थाहा छैन ..................... ९८ |

उदाहरणको लागिः

यदि प्रश्नको जवाफ तीन (३) आयो, तर उक्त जवाफ लेख्न उपलब्ध कोष्ठहरू दुइवटा छन् भने बाकसमा यस प्रकार लेख्नुपर्छः

| प्र.नं. | प्रश्नहरू | |
|---|---|---|
| ७०१ | उहाँ (मृतक) को प्रसुती व्यथा सुरु भएको कति समय पछी बच्चा जन्मिएको थियो ? | \| १ \| २ \| घण्टा<br>थाहा छैन .................९८ |

**(ङ) छाँटनी गर्नुपर्ने प्रश्न**

प्रश्नावलीको उचित प्रवाहको लागि तपाईले कहिलेकाँही उत्तरदाताले पहिले सोधिएको प्रश्नमा दिएको जवाफ रुजु वा चेक गर्नुपर्ने हुन्छ । यस्तो व्यवस्था उत्तरदातालाई असान्दर्भिक लाग्ने खालका प्रश्न सोध्नबाट बच्नको लागि गरिन्छ । यस्ता प्रश्नहरूमा अघिल्ला प्रश्नका जवाफ चेक गर्न भनिएको हुन्छ । आफ्नो स्मरण शक्तिमा मात्रै भर नपर्नुहोस् । उत्तरदातालाई एउटै प्रश्न दोस्रो पटक सोध्न वा सोध्न नपर्ने प्रश्न सोध्न आवश्यक छैन । अघिका प्रश्नहरू चेक गरेर “मा जाने” निर्देशनको अनुशरण गर्दै जानु पर्दछ ।

| | | | |
|---|---|---|---|
| | [नोटः प्र. नं. ४०१ रुजु गर्नुहोस् ।]<br>प्रसुति अवस्था वा सुत्केरी भएको ४२ दिन भित्र मृत्यु भएको (प्र. नं. ४०१.ख वा ४०१.ग को १ मा गोलो लगाएको भए) ↓ | अन्य अवस्थामा मृत्यु भएको (प्र. नं. ४०१.क वा ४०१.घ को १ मा गोलो लगाएको भए) → | (खण्ड ९ मा जाने) |

| प्र.नं. | प्रश्न | जवाफ | ... मा जाने |
|---|---|---|---|
| ७०१ | उहाँ (मृतक) को प्रसुती व्यथा सुरु भएको कति समय पछी बच्चा जन्मिएको थियो ? | ☐☐ घण्टा<br>थाहा छैन ................ ९८ | |

**(च) सिधै अर्को प्रश्नमा जानुपर्ने प्रश्नहरू**

प्रश्नावलीको विभिन्न ठाउँमा भएका "सिधै अर्को प्रश्नमा जाने" सम्बन्धी निर्देशनहरूका लागि तपाईले विशेष ध्यान पुर्याउनु पर्दछ । उत्तरदातालाई सान्दर्भिक नहुने प्रश्न उनलाई सोध्नु हुँदैन । जस्तैः यदि कुनै महिला गर्भवती छैनन् भने उनलाई "गर्भ रहेको कति महिना भयो" भनेर सोध्नु हुँदैन । जहाँ कुनै जवाफ प्राप्त भएपछि, त्यस पछि तुरुन्तै सोधिने प्रश्न असान्दर्भिक हुन जान्छ, प्रश्नावलीमा यस्तो अवस्थामा अर्को उपयुक्त प्रश्नमा जाने निर्देशन लेखिएको हुन्छ । अर्को प्रश्नमा जाने निर्देशन राम्ररी अनुशरण गर्नु अत्यावश्यक छ ।

उदाहरणः

| प्र. नं. | प्रश्न | जवाफ | मा जाने |
|---|---|---|---|
| ९०१ | उहाँ (मृतक) ले मृत्यु हुनु अघि बिरामी हुँदा स्वास्थ्य संस्था वा अन्य ठाउँमा उपचार गराउनु भएको थियो ? | थियो ....................................१<br>थिएन ...............................(२)<br>थाहा छैन.............................९८ | ९०४ |

**(छ) मुख्य प्रश्न अन्तर्गत धेरै सहायक प्रश्नहरू**

कुनैकुनै प्रश्न अन्तर्गत दुई वा दुईभन्दा बढी सहायक प्रश्नहरू हुन सक्छन । यस्ता प्रश्नहरू सोध्दा प्रत्येक सहायक प्रश्नलाई एउटा छुट्टै प्रश्नको रुपमा सोधिनु पर्दछ र प्रत्येक प्रश्नको एक मिल्दो जवाफमा गोलो लगाउनु पर्दछ । सोधेको प्रश्न उत्तरदाताले राम्रोसँग बुझ्नु भयो भन्ने यकिन गर्नुहोस् । त्यसपछि मात्र मिल्दो जवाफमा गोलो लगाउनुहोस्। एउटा हरफमा दिइएको प्रश्नको जवाफ लेखेपछि मात्र अर्को प्रश्न सोध्नुहोस् ।

सोधिएको प्रश्नको जवाफ हो/थियो आएमा १ मा गोलो लगाउनुहोस, होईन/थिएन आएमा २ मा गोलो लगाउनुहोस् । यदि उत्तरदातालाई यस समस्याका बारेमा थाहा छैन भने ९८ मा र यदि जवाफ दिन नमानेमा ९९ मा गोलो लगाउनुहोस् ।

उदाहरणः

| | | | | | |
|---|---|---|---|---|---|
| १००१ | [नोटः तीन ढिलाईहरूसँग सम्बन्धीत बिभिन्न कारणहरूले मृत्यु भएको हुन सक्ने हुनाले निम्न कारणहरु एक एक गरी सोध्नुहोस र उपयुक्त जवाफमा गोलो लगाउँनुहोस ।]<br>तपाईको विचारमा उहाँ (मृतक) को उपचार गर्ने सन्दर्भमा ………………… | हो / थियो | होईन / थिएन | थाहा छैन | जवाफ दिन नमानेको |
| क | स्वास्थ्य सबन्धि समस्या छ भन्ने पहिचान गर्न ढिलाई भएको थियो ? | १ (circled) | २ | ९८ | ९९ |
| ख | उपचार गर्ने निर्णय गर्न ढिलाई भएको थियो ? | १ | २ (circled) | ९८ | ९९ |
| ग | दक्ष वा तालिम प्राप्त स्वास्थ्य कर्मी बाहेक अन्य बाट उपचार गराएकोले ढिलाई भएको थियो? | १ (circled) | २ | ९८ | ९९ |
| घ | पैसा नभएर / पैसाको व्यवस्था गर्न ढिलाई भएको थियो? | १ | २ (circled) | ९८ | ९९ |
| ङ | यातायातको साधन नभएर / व्यवस्था गर्न ढिलाई भएको थियो? | १ | २ (circled) | ९८ | ९९ |

दिइएका सबै सहायक प्रश्नहरू एकएक गरी सोधेर जवाफ लेखि सकेपछि यस बाहेक अरु पनि केही थियो कि भनेर सोध्नुपर्दछ र यदि भएमा “अन्य” मा स्पष्टसँग खुलाउनु पर्छ ।

## ३.३ गल्ती सच्याउने तरिका

तपाईले सबै उत्तरहरू शुद्ध र सफासँग उल्लेख गर्नु अत्यन्त महत्वपूर्ण कुरा हो । पूर्व सांकेतिक जवाफहरूमा तपाईले उत्तरसँग मिल्ने संकेतमा नै चिन्ह लगाउनु भएको छ भन्ने कुरामा निश्चित हुनुपर्छ । खुला प्रश्नहरूको जवाफ सजिलैसँग पढ्न सकिनेगरी सफासँग लेखिएको हुनुपर्छ । यदि उत्तरदाताको कुनै जवाफ लेख्न तपाईले गल्ती गर्नुभयो वा उत्तरदाताले आफ्नो उत्तर फेरबदल गर्यो भने गल्तीलाई सच्याएर सही उत्तर लेख्न बिर्सनुहुँदैन । उत्तर मेट्ने प्रयास नगर्नुहोस् । गलत वाक्य वा शब्द मा दुईवटा तेर्सो लाइन मात्र तान्नुहोस् । स्मरणीय छ, यदि एउटा प्रश्नको जवाफ दुईवटा आयो भनेपछि गएर जब तथ्याङ्कलाई संकेतबद्ध गर्ने बेला आउँछ कुन चाहिँ सही उत्तर हो किटान गर्न सम्भव नहुन सक्छ । गल्ती सच्याउने एक उदाहरण तल दिइएकोछ ।

उदाहरणः

| प्र. नं. | | जवाफ | मा जाने |
|---|---|---|---|
| ९०१ | उहाँ (मृतक) ले मृत्यु हुनु अघि बिरामी हुँदा स्वास्थ्य संस्था वा अन्य ठाउँमा उपचार गराउनु भएको थियो ? | थियो ................................ ~~१~~<br>थिएन ................................ ②<br>थाहा छैन.............................. ९८ | ९०४ |

यस प्रश्नमा यदि उत्तरदाताले पहिला थियो भन्नुभयो र तपाईले “१” मा गोलो लगाउनुभयो तर केहि समयपछि उहाँले “थिएन” भन्नुभयो भने पहिला लेखेको उत्तरलाई दुइवटा तेर्सा धर्का लाईनले काटी “२” मा गोलो लगाउनु पर्दछ।

## ३.४ पूरा गरेका प्रश्नावली रुजु गर्ने तरिका

अन्तर्वार्ता सकिएपछि तपाईले प्रत्येक प्रश्नको उत्तर राम्ररी रुजु गर्नु पर्दछ । तपाईले सबै निर्देशनहरू पालना गर्नुभएको छ र कुनैपनि प्रश्न वा प्रश्नको भाग छुटेको छैन भन्ने कुरा निश्चित गर्नुपर्दछ । आवश्यक भएमा तपाईले आफ्नो लेखाई सच्याउन सक्नुहुन्छ वा कुनै उत्तर अझ प्रष्ट पार्न सक्नु हुन्छ । तपाईले प्रश्नावलीको रुजु उक्त घर परिवारबाट हिड्नु अघिनै गर्नुपर्छ, यदि उत्तरदातालाई कुनै प्रश्न सोध्नुपर्ने देखिएमा सोध्न सकिनेछ । अन्तर्वार्ताको बारेमा तपाईले कुनै टिप्पणी लेख्न सक्नुहुन्छ जसले गर्दा प्राप्त उत्तरलाई अझ प्रष्ट पार्न मद्दत पुगोस् । यदि कुनै उत्तर लेख्न वा रेकर्ड गर्न तपाईलाई केहि अप्ठ्यारो वा समस्या पर्यो भने टिपेर राख्नुहोस् र स्थानीय तहको एम.पि.डी.एस.आर फोकल व्यक्तिलाई सोध्नुहोस् ।

# <u>खण्ड ख</u>

## भर्वल अटप्सि प्रश्नावली निर्देशिका

## खण्ड १. परिचयात्मक विवरण

यस खण्डमा मृत्यु भएको महिलाको परिचय खुल्ने किसिमले प्रश्नहरू सोधिएका छन् । सोधिएका प्रश्नहरू, सूचित प्रश्नावलीमा भए अनुसार दिइएको खाली ठाउँमा स्पष्टसँग बुझिने गरी लेख्नुपर्दछ । हाल बसोबासको ठेगाना भन्नाले, बिगत १२ महिनामा कम्तिमा ६ महिना बसोबास गरेको ठाउँलाई जनाउछ । तत् पश्चात सम्भव भएसम्म मृत्यु भएको घरको भौगोलिक अवस्थिति मोवाइलको GPS एपमा देखाए अनुसारको अक्षांस, देशान्तर, शुद्धता र उचाईको विवरण भर्नु पर्दछ ।

| क.सं. | मृत्यु भएको महिलाको विवरण | |
|---|---|---|
| १०१ | महिलाको पूरा नाम र थर | ______________________________ |
| १०२ | श्रीमान / अभिभावकको पूरा नाम र थर | ______________________________ |
| **मृतक महिलाको हाल बसोबासको ठेगाना** | | |
| १०३ | प्रदेश | ________________________________ |
| १०४ | जिल्ला | ________________________________ |
| १०५ | स्थानिय तह | _________________________. |
| १०६ | वडा नं. | ☐☐ |
| १०७ | गाउँ/टोल | _________________________________ |
| **भौगोलिक अवस्थिति (सम्भव भए भर्ने)** | | |
| १०८ | Latitude -अक्षांस (डिग्री, दशमलब)- उत्तर | |
| १०९ | Longitude — देशान्तर (डिग्री, दशमलब)- पूर्व | |
| ११० | Accuracy — शुद्धता | |
| १११ | Altitude - उचाई | |

## खण्ड २ उत्तरदाता सम्बन्धी विवरण

यस अनुच्छेदमा तपाईलाई यो भर्बल अटप्सि प्रश्नावली भर्नका लागि कस्तो व्यक्तिसँग अन्तर्वार्ता लिनुपर्छ भन्ने जानकारी दिइएको छ । भर्वल अटप्सिको गुणस्तर उत्तरदातामा भर पर्ने भएकोले उत्तरदाता छान्दा विशेष ध्यान पुर्याउनुपर्दछ । उत्तरदाता छनौट गर्नका लागि धेरै व्यक्तिहरूसँग जानकारी लिनु पर्दछ । मुख्य उत्तरदाता छनौट गर्दा निम्न कुरामा ध्यान दिनुहोसः

(क) महिलाको मृत्यु भएको परिस्थिति, मृत्यु हुँदाको अवस्था र उपचार सम्बन्धमा बताउन सक्ने व्यक्ति,

(ख) मृत्यु हुँदासँगै भएको व्यक्ति,

(ग) मृतक महिलासँग नजिकको सम्बन्ध भएको व्यक्ति र

(घ) अन्तर्वार्ताको लागि उपलब्ध भएको व्यक्ति, आदि ।

यसरी सम्भावित उत्तरदाता मध्येबाट कुनै उपयुक्त एक व्यक्तिलाई माथि उल्लेखित बुँदाका आधारमा मुख्य उत्तरदाताका रुपमा छनौट गर्नुपर्दछ । यसरी मुख्य उत्तरदाता छनौट भइसकेपछि उहाँ (मुख्य उत्तरदाता) को नाम दिइएको खाली ठाउँमा स्पष्टसँग लेख्नुहोस्।

### प्र. नं. २०१. उत्तरदाताको पुरा नाम र थर के हो ?

यस प्रश्नले मुख्य उत्तरदाताको नाम जान्न खोजिएको छ। यसमा मुख्य उत्तरदाताको पूरा नाम थर सोधेर लेख्नुपर्दछ।

**प्र. नं. २०२. उत्तरदाताको सम्पर्क नम्बर वा इमेल ठेगाना**

यस प्रश्नमा आवश्यक परेमा उत्तरदातासंग सम्पर्क गर्ने टेलिफोन नम्बर वा मोवाइल नम्बर जान्न खोजिएको छ र यदि उपलब्द भएमा इमेल ठेगाना पनि लेख्नुपर्दछ । यसको लागि उत्तरदातासंग टेलिफोन वा मोवाइल भए त्यसको नम्बर र यदि उत्तरदातासंग टेलिफोन वा मोवाइल नभएमा उत्तरदातासंग सम्पर्क गर्न सकिने परिवारको अन्य सदस्य / छिमेकी / नातेदारको टेलिफोन नम्बर वा मोवाइल नम्बर सोधेर लेख्नुपर्दछ ।

**प्र. नं. २०३. उहाँ (मृतक) को तपाई (उत्तरदाता) सँगको के नाता, सम्बन्ध छ ?**

यस प्रश्नमा, मुख्य उत्तरदाता मृतक महिलाको के नाता पर्छन् भन्ने जान्न खोजिएको छ। यस प्रश्नमा यदि श्रीमान भन्ने जवाफ आएमा १ मा गोलो लगाउनुपर्दछ । यदि आमा/ बाबु वा सासू ससूरा भन्ने जवाफ आएमा २ मा गोलो लगाउनुपर्दछ । त्यस्तै मृतकको छोरा /छोरी भन्ने जवाफ आएमा ३ मा गोलो लगाउनुपर्दछ । यदि यस प्रश्नमा मृतकको श्रीमान, आमा/ बाबु वा सासू ससूरा, छोरा /छोरी बाहेक परिवारको अन्य सदस्य जस्तै नन्द, आमाजु, भाउजु, काका, काकी, दिदीबहिनी आदि भन्ने जवाफ आएमा ४ मा गोलो लगाउनुपर्दछ । यदि मृतकको बारेमा जानकारी दिने परिवारको सदस्य उपलब्ध नभएमा मृतकलाई स्वास्थ्य सेवा दिने स्वास्थ्यकर्मी जस्तै महिला स्वास्थ्य स्वयंमसेविका, स्वास्थ्य संस्थाका कर्मचारीहरू आदि बाट पनि जानकारी लिन सकिन्छ । यस्तो अवस्थामा यस प्रश्नको जवाफमा स्वास्थ्य सेवा प्रदायक ५ मा गोलो लगाउनुपर्दछ । त्यस्तै मृतकको बारेमा जानकारी दिने व्यक्ति साथीसङ्गी, छिमेकी आदि भएमा ९६ मा गोलो लगाइ खुलाउनुपर्दछ।

**प्र. नं. २०४. तपाई उहाँ (मृतक) को मृत्यु हुने समयमा उहाँ (मृतक) सँगै हुनुहुन्थ्यो ?**

यस प्रश्नमा, मुख्य उत्तरदाता महिलाको मृत्यु हुने समयमा सँगै भए/नभएको जान्न खोजिएको छ । मृत्यु हुने समयमा सँगै हुने व्यक्तिले मृतकको बारेका थप स्पष्टसँग बताउन सक्ने भएकाले यो प्रश्न सोधी उपयुक्त जवाफमा गोलो लगाउनुपर्दछ ।

**<u>सूचित मञ्जुरी</u>**

यस खण्डमा सूचित मञ्जुरी सम्बन्धी जानकारी दिईएको छ । अन्तर्वार्ता शुरु गर्नु अघि उत्तरदाताको सूचित मौखिक मञ्जुरी लिनु अति आवश्यक छ । यसमा दिइएको सम्पूर्ण कुराहरू उत्तरदाताले बुझ्ने गरी हुबहु स्पष्टसँग पढेर सुनाउनुहोस् । यस सूचित मञ्जुरीले तपाईलाई आफ्नो परिचय दिन र यस अन्तर्वार्ताको उद्देश्य तथा प्रक्रिया बारेमा उत्तरदातालाई बुझाउन सहयोग पुर्याउँछ । साथै यस वक्तव्यले

उत्तरदातालाई उहाँले दिएका सम्पूर्ण जानकारीहरू धेरै महत्वपूर्ण छन् र अति गोप्य रहनेछन् भन्ने विश्वास दिलाउन तपाईलाई मद्दत पुर्याउँछ । यसबाहेक, यसले यस अन्तर्वार्तामा भाग लिने वा नलिने उत्तरदाताको स्वेच्छाको कुरा हो भन्ने पनि बुझाउँछ ।

यस सूचित मञ्जुरीले भने बमोजिम यस अन्तर्वार्तामा भाग लिनका लागि उत्तरदाताको मौखिक मञ्जुरी लिनुहोस् । उत्तरदाता मञ्जुर भएमा "१" मा गोलो लगाउनुहोस् र अन्तवार्ता सुरू गर्नुहोस् । यदि उत्तरदाताले मञ्जुरी नदिएमा वा अध्ययनमा भाग लिन नमानेमा "२" मा गोलो लगाई असल मुद्रामा अन्तर्वार्ता टुङ्ग्याउनुहोस्।

**सूचित मञ्जुरी**

नमस्ते, मेरो नाम ...................................... हो । हामी.............................. बाट आएका हौं । यस परिवारमा भएको निधनको दुखद घटनाले हामीलाई दुःखी बनाएको छ । यस घटनाबाट पाठ सिकेर आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन के गर्नुपर्ला भन्ने सुझाब लिन आएका छौ । तपाइले दिनु भएको जानकारीहरुले नेपाल सरकारलाई सुरक्षित मातृत्व सेवामा सुधार ल्याइ महिलाहरुलाई अकालमा हुने मृत्युबाट जोगाउन मद्दत पुग्नेछ । यस सोधपुछका लागि करिब एक घण्टा समय लाग्नेछ । तपाइले दिनु भएका सम्पुर्ण जानकारीहरु गोप्य राखिने छन र स्वास्थ्य सेवा सुधारका लागि मात्र प्रयोग गरिनेछ । यस छलफलमा सहभागी हुने वा नहुने तपाइको स्वेच्छाको कुरा हो । यदि तपाई कुनै प्रश्नको जवाफ दिन चाहनु हुन्न भने नदिन पनि सक्नु हुन्छ र तपाइले चाहनु भयो भने कुनै पनि बेला यो अन्तरवार्ता टुङग्याउन सक्नु हुन्छ । तथापी, सम्पुर्ण प्रश्नहरुको सही जवाफ दिई स्वास्थ्य सेवा सुधार सम्वन्धी यस कार्यमा साथ दिनुहुन म आग्रह गर्दछु । तपाईले यस विषयमा थप जानकारी लिन चाहनुभएमा सम्बन्धित स्थानीय तहमा सम्पर्क गर्न सक्नुहुनेछ ।

के तपाई यस विषयमा कुनै कुरा सोधन चाहनु हुन्छ ?

के तपाई यस अन्तरवार्तामा सहभागी हुन सहमत हुनुहुन्छ ?

उत्तरदाताले अन्तरवार्ता दिन मानेको ................१

उत्तरदाताले अन्तरवार्ता दिन नमानेको ............२ (अन्तरवार्ता समाप्त गर्ने)

## खण्ड ३. महिलाको मृत्यु सम्बन्धी विस्तृत विवरण

यस खण्डमा महिलाको मृत्युसँग सम्बन्धित विस्तृत विवरण लिन खोजिएको छ । मृत्यु भएको महिलालाई, मृत्यु हुनुभन्दा पहिला के-कस्ता स्वास्थ्य समस्याहरू थिए, के के उपचारहरू भए सबै विस्तारमा लेख्नुपर्छ । त्यसैले उत्तरदातालाई यस सम्बन्धमा आफुखुशी शुरू देखि क्रमैसँग भन्न दिनुहोस् । तर कुराकानीको दौरानमा तल प्रश्नावलीमा दिइएका १५ वटा बुँदाहरूलाई समेटी थप स्पष्ट पार्न

सहयोग गर्नुहोस् । यसबारेमा विस्तृत जानकारी लिनुहोस् । उत्तरदाताले दिएका यी सबै जानकारीहरू क्रमैसँग नछुटाइकन लेख्नुहोस् । उत्तरदाताले दिनुभएका जानकारीहरू अत्यन्तै महत्वपूर्ण हुन्छन्। दिइएको खाली ठाउँमा नअटाएमा अर्को खाली पाना प्रयोग गर्नुहोस् र प्रश्नावलीसँग संलग्न (नथ्थी) गर्नुहोस्।

**कृपया, उहाँको मृत्यु सम्बन्धमा शुरू देखिका थाहा भएका कुराहरू विस्तार पूर्वक बताइ दिनुहोस् ।**

| | |
|---|---|
| • उहाँ बिरामी हुनुभएको थियो, थियो भने कहिलेदेखि र कसरी थाहा भयो ?<br>• के कस्ता लक्षणहरू देखिएका थिए ?<br>• घरमा के के गरियो, कसले गरे ?<br>• उपचार गराउनुपर्छ भन्ने निर्णय गरेको भए कसले गर्यो, किन गरियो ?<br>• निर्णय गरुन्जेल कति समय खर्च भयो ?<br>• उपचार कहाँ गराउने निर्णय भयो, किन ? | • उपचार गराउन के व्यवस्था गरियो ? (जस्तैः यातायात, पैसा, साथी आदि)<br>• स्वास्थ्य संस्थामा पुगिसकेपछि के भयो ?<br>• स्वास्थ्यकर्मीले जाँच्नुभन्दा अगाडी कति समय लाग्यो ?<br>• कसले जाँच्यो, के के गरियो ?<br>• कति खर्च लाग्यो ?<br>• अन्य के के समस्याहरू भए ? |
| **मृत्यु सम्बन्धी विस्तृत विवरण** | |

## खण्ड ४. मृतक महिलाको व्यक्तिगत विवरण

यस खण्डमा मृतक महिलाको व्यक्तिगत विवरण प्राप्त हुनेगरी प्रश्नहरु तयार गरिएको छ । यसमा महिलाको मृत्यु हुँदाको अवस्था, उमेर, वैवाहिक स्थिति, शैक्षिक स्थिति, बसोबास गर्ने ठाउँ, रोजगारीको अवस्था तथा जातजाति सम्बन्धी प्रश्नहरू समावेश गरिएको छ । प्रश्नकर्ताले यस खण्ड ४ मा भएका प्रश्नहरू क्रमिक रुपमा स्पष्टसँग सोध्नु पर्दछ र जवाफको आधारमा उपयुक्त उत्तरमा गोलो लगाउने वा उत्तर टिप्नु पर्दछ ।

**प्र. नं. ४०१ उहाँ (मृतक) को मृत्यु................................**

**क) गर्भवती अवस्थामा भएको हो ?**

**ख) बच्चा जन्माउने बेलामा (प्रसुति अवस्था) भएको हो ?**

**ग) बच्चा जन्माएको (सुत्केरी भएको) ४२ दिन भित्र भएको हो ?**

**घ) गर्भ खेर गएको वा गर्भपतन गराउँदा वा गराएको ४२ दिन भित्र भएको हो ?**

यस प्रश्नमा उहाँ (मृतक) को मृत्यु गर्भसँग सम्बन्धित कुन अवस्थामा भएको थियो भन्ने जान्न खोजिएको छ ।

- "गर्भवती अवस्था" भन्नाले गर्भधारण हुनु अघिको अन्तिम पटक महिनावारी भएको पहिलो दिनदेखि महिलाको पाठेघर भित्र गर्भ रहेसम्मको अवधि सम्झनु पर्दछ ।
- "प्रसुति अवस्था" भन्नाले प्रसुति ब्यथा शुरू भई आमाको गर्भबाट बच्चा जन्मिनु भन्दा अघिको अवस्था सम्झनु पर्दछ ।
- "सुत्केरी अवस्था" भन्नाले आमाको गर्भबाट बच्चा जन्मिसकेपछि ६ हप्ता सम्मको अवधिको अवस्था सम्झनु पर्दछ ।
- "गर्भ खेर गएको वा गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रुण स्वभाविकरुपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भाशयबाट भ्रुण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्दछ।

प्रश्न सोध्दा क्रमैसंग "क", "ख", "ग" र "घ" निम्नानुसार सोध्नुपर्दछ र उपयुक्त जवाफमा गोलो लगाउनुपर्दछ । जस्तैः

क) उहाँ (मृतक) को मृत्यु गर्भवती अवस्थामा भएको हो?, यसरी सोध्दा यदि "क" को जवाफ “हो” आएमा “१” मा गोलो लगाएर प्र. न. ४०२ मा जानुपर्दछ, र यदि जवाफ “होइन” वा “थाहा छैन” आएमा “२” वा “९८” मा गोलो लगाएर "ख" मा जानुपर्दछ । यो प्रश्नको जवाफ आएपछि मात्र अर्को प्रश्नमा जानुपर्दछ।

ख) उहाँ (मृतक) को मृत्यु बच्चा जन्माउन बेलामा (प्रसुति अवस्था) भएको हो ?,

ग)........, घ).................

यसै प्रकारले "ख", "ग" र "घ" मा पनि जवाफ “हो” भन्ने आएमा “१” मा गोलो लगाएर प्र. न. ४०२ मा जानुपर्दछ । यि ४ प्रश्नहरु मध्ये कुनै एउटा प्रश्नको जवाफ “हो” भन्ने आएमा मातृ मृत्यु भनेर जनाउछ ।

**प्र. नं. ४०२ उहाँको मृत्यु कहिले भएको थियो ?**

यस प्रश्नमा मृतक महिलाको मृत्यु कहिले भएको हो, गते महिन्न र वर्ष जान्न खोजिएको छ । यदि गते ठ्याक्कै थाहा नभए प्रोब गरेर जान्न खोज्नु होस्, जस्तैः दशैंको नजिक भाको भए, टिका भन्दा कति दिन अगाडी भएको थियो भनेर सोध्नुहोस् । यदि मृत्यु भएको गते थाहा भएन भने कम्तिमा महिना र बर्ष ल्याउनको लागि प्रोब गर्नुहोस् । महिनाको लागि, अनुमानित धान रोप्ने बेला थियो कि, काट्ने बेला थियो कि, वा कुनै ठुलो घटना जस्तै भुइचालो गएको बेला तिर थियोकी भनेर प्रोब गर्न सकिन्छ । प्रोब गर्दा पनि जवाफ आएन भने मात्र "थाहा छैन - ९८" मा गोलो लगाउनुहोस् ।

**प्र. नं. ४०३ मृत्यु हुँदा उहाँ (मृतक) कति वर्षको हुनुहुन्थ्यो ?** ***(पूरा गरेको वर्ष)***

यस प्रश्नमा मृतक महिलाको मृत्यु हुँदाको उमेर (वर्षमा) जान्न खोजिएको छ। उमेर लेख्दा पूरा गरेको उमेर वर्षमा लेख्नुपर्दछ।

जस्तैः यदि २०५२ साल बैशाख १५ गते जन्मेको महिलाको मृत्यु २०७७ चैत्रमा भएको भए, महिलाको उमेर २५ वर्ष ११ महिना आउँछ, यसलाई | २ | ५ | उमेरको बाकसमा २५ वर्ष लेख्नुपर्दछ।

**प्र. नं. ४०४ मृत्यु हुँदा उहाँ (मृतक) को वैवाहिक स्थिति के थियो?**

यस प्रश्नमा मृतक महिलाको मृत्यु हुँदाको अवस्थामा मृतकको वैवाहिक स्थिति के थियो भनी जान्न खोजिएको छ । यदि मृतक अविवाहित भए १ मा, विवाहित र श्रीमानसँगै बसेको भए २ मा, श्रीमानको मृत्यु भइ सकेको (बिधवा) भए ३ मा र पारपाचुके (सम्बन्ध बिच्छेद) भएको भए ४ मा गोलो लगाउनु पर्दछ । यसै प्रकारले, छुट्टिएको (कानुनी रूपमा अलग नभएको तर सम्बन्धमा असमझदारीका कारण श्रीमान श्रीमती छुट्टिएर बसेको अवस्था) भए ५, सामाजिक वा कानुनी रूपमा विवाह नगरेको तर महिला पुरूष संगै बसेको भए लिविंग टुगेदर ६ मा र वैवाहिक स्थिति थाहा नभएको भए ९८ मा गोलो लगाउनुपर्दछ।

नोटः यदि कुनै महिलाको पहिलो विवाहको पारपाचुके भएको तर दोस्रो विवाहबाट गर्भ रहेको भए उक्त महिलाको वैवाहिक स्थिति विवाहित भनेर लेख्नुपर्दछ ।

**प्र. नं. ४०५ उहाँ (मृतक) ले कति कक्षा सम्म अध्ययन गर्नु भएको थियो ?** ***(पुरा गरेको कक्षा सोध्नुहोस्।)***

यस प्रश्नमा मृतक महिलाले लेख पढ गर्न सक्नु हुन्थियो कि हुन्थियेना र यदि लेखपढ गर्न सक्ने भए उहाँको शैक्षिक स्तरके थियो जान्न खोजिएको छ । यदि मृतक महिलाले लेखपढ गर्न नसक्ने भए १ मा

गोलो लगाउनुपर्दछ । यदि मृतक महिलाले लेखपढ गर्न सक्ने भए २ मा गोलो लगाउनुहोस र कति कक्षा पूरा (पास) गरेको छ सो लेख्नुहोस् । उहाँको शैशिक अवस्था थाहा नभए “थाहा छैन — ९८” मा गोलो लगाउनुहोस् ।

पास वा पूरा गरेको कक्षा भन्नाले पढ्दै गरेको कक्षा नभएर उत्तीर्ण गरेको कक्षा सम्झनुपर्दछ।
जस्तै कुनै महिलाले ८ कक्षा पूरा गरेको र ९ कक्षामा पढ्दै गरेको भए “८” लेख्नु पर्दछ ।

**प्र. नं. ४०६ मृत्यु हुनु भन्दा पहिले १२ महिना भित्रको समयमा उहाँ (मृतक) को रोजगारीको वा आर्थिक अवस्था के थियो?**

यस प्रश्नमा महिलाको मृत्यु हुनुभन्दा अघि रोजगारीको वा आर्थिक अवस्था के थियो भन्ने जान्न खोजिएको छ । रोजगार भन्नाले विगत १२ महिना भित्रको समयमा आर्थिक रूपले सक्रिय भएको (आयआर्जन गरेको) अवस्थालाई बुझ्नुपर्दछ । जस्तै व्यापार व्यवसाय, तरकारी खेती, पशुपालन आदि गरेर आम्दानि हुने । बेरोजगार भन्नाले विगत १२ महिना भित्रको समयमा आर्थिक रूपले सक्रिय नभएको अवस्थालाई बुझ्नुपर्दछ । जस्तैः आफ्नै घरको घरायसी कामधन्दा मात्र गर्ने तर अन्य आयआर्जन हुने काममा संलग्न नभएको महिलालाई बेरोजगार मान्नुपर्दछ । तर ज्याला लिएर अरूको घरमा घरायसी कामधन्दा गरेर आम्दानि गर्ने महिलालाई रोजगार मान्नुपर्दछ । उत्तरदाताको जवाफको आधारमा मिल्दो उत्तरमा गोलो लगाउनुपर्दछ ।

**प्र. नं. ४०७ उहाँ (मृतक) को जातजाति के थियो?**

यस प्रश्नमा मृतकको जातजाति के थियो भन्ने जान्न खोजिएको छ । यस प्रश्नको जवाफ लेख्दा HMIS अनुसार दिइएको जातजातिको सूची अनुसार उपयुक्त कोड लेख्नुपर्दछ।

जातजातिको सूची

| कोड | समूह | | |
|---|---|---|---|
| १ | दलित | पहाड | १. बिश्वकर्मा (कामि, सुनार, ओड़, चुनँरा, पार्की, टमटा), २. परियार (दमाई, दर्जी, सुचिकार, नगर्ची, ढोली, हुडरके), ३. सार्की, (मिजार, चर्मकार, भुल), ४. गन्धर्व, ५. बादी. |
| | | तराई | ६. कलर, ७. ककैहिया, ८. कोरी, ९. खटिक, १०. खत्वे (मण्डल, खङ्ग), ११. चमार (राम, मोची, हरिजन, रविदास), १२. चिडिमार, १३. डोम (मरिक), १४. तत्मा (ताती, दास), १५. दुसाध (पासवान, हजरा), १६. धोबी (रजक, हिन्दु), १७. पत्थरकट्टा, १८. पासी, १९. बाँतर, २०. मुसहर, २१. मेस्तर (हलखोर), २२. सरभङ्ग (सरवरिया), २३. सोनार, २४. लोहार, २५. नटवा |

| | | | |
|---|---|---|---|
| २ | पहुँच नभएका जनजाति | पहाड | १. शेर्पा, २. भोटे, ३. थकाली, ४. व्याँसी, ५. वालुङ, ६. छैरोतन, ७. डोल्पो, ८. ताङवे, ९. तिन्गाउँले थकाली, १०. तोप्केगेल, ११. बाह्रगाउँले थकाली, १२. मार्फाली थकाली, १३. मुगाली, १४. ल्होपा, १५. ल्होमी (शिङसावा), १६. सियार (चुम्बा), १७. थुदाम, १८. मगर, १९. तामाङ, २०. नेवार, २१. राई, २२. गुरुङ, २३. लिम्बु, २४. भुजेल, २५. सुनुवार, २६. चेपाङग, २७. थामी, २८. याख्खा, २९. पहरी, ३०. छन्त्याल, ३१. जिरेल, ३२. दुरा, ३३. लेप्चा, ३४. हायु, ३५. ह्योल्मो, ३६. कुश्बाडिया, ३७. कुशुण्डा, ३८. फ्री, ३९. वनकरिया, ४०. बारामो/बारामु, ४१. लार्के, ४२. सुरेल, ४३. कुमाल, ४४. माझी, ४५. दनुवार, ४६. दराई, ४७. बोटे, ४८. राजी, ४९. राउटे |
| | | तराई | ५०. थारु, ५१. धानुक, ५२. राजबंशी (कोच), ५३. सतार (सन्थाल), ५४. झाँगड, ५५. गनगाई, ५६. धिमाल, ५७. ताजपुरिया, ५८. मेछे (बोडो), ५९. किसान |
| ३ | तराई मधेशी | | १. यादव, २. तेली, ३. कलयार, ४. सुढ़ी, ५. कोइरी, ६. कुर्मी, ७. कानु, ८. हलुवाई, ९. हजाम/ठाकुर, १०. बढही, ११. राजभर, १२. केयट, १३. मल्लाह, १४. नुनिया, १५. कुम्हार, १६. कहर, १७. लोध, १८. विड/ विण्डा, १९. गडेरी/ भेडीहयार, २०. माली, २१. कामर, २२. धुनिया, २३. वराय, २४. मुण्डा, २५. बडाइ, २६. पन्जावी, २७. बंगाली, २८. अमात, २९. कथावानीया, ३०. राज्धोब, ३१. कुशवाहा |
| ४ | मुस्लिम | | १. मुस्लिम, २. चुरौटे |
| ५ | तुलनात्मक रुपले पहुँच भएका जनजाति | | १. नेवार २. थकाली ३. गुरुङ |
| ६ | उपल्लो जातिय समूह | | १. ब्राह्मण, २. क्षेत्री (पहाड) ३. ठकुरी ४. सन्यासी/दशनामी ५. तराई ब्राह्मण ६. राजपुत ७. कायस्थ ८. मारवाडी ९. जैन १०. बानिया ११. नुराङ १२. बंगाली |

**प्र.न. ४०८ उहाँ (मृतक) को मृत्यु कुन ठाउँमा भएको थियो?**

महिलाको मृत्यु कुन ठाँउमा भएको थियो भनेर सबै उत्तरदातालाई सोध्नुपर्दछ । उत्तरदाताले दिएको मिल्दो जवाफमा गोलो लगाउनुपर्दछ । यदि महिलाको मृत्यु स्वास्थ्य संस्थामा भएको भए उत्तरदातासँग स्वास्थ्य संस्थाको नाम सोधेर लेखुपर्दछ ।

**प्र.न. ४०९ प्र. नं. ४०८ उहाँ गर्भवती हुनु भन्दा अगाडी उहाँलाई......................**

क) मधुमेह (चिनी रोग) थियो ?

ख) उच्च रक्तचाप थियो ?

ग) मुटु सम्बन्धी समस्या थियो ?

घ) थाईराईड सम्बन्धी समस्या थियो ?

ङ) अन्य कुनै दिर्घरोग थियो ? थियो भने “१” मा गोलो लगाएर खुलाउनुहोस् | (खुलाउनुहोस्)

च) बिगत १२ महिनामा मृतकको कुनै अपरेसन (बेहोस बनाएर वा शरीरको कुनै अंग लठ्याएर गरिने) भएको थियो ?

यस प्रश्नमा मृतक महिलाको अन्तिम पटकको गर्भवती हुनु भन्दा अगाडीको स्वास्थ्य अवस्था बारे जान्न खोजिएको छ । यो खण्डमा प्रश्न सोध्दा निकै ख्याल गरी गम्भिर भइ सोधिखोजी गरी यथार्थमा पुगी यकिन भएपछि मात्र रोगको नामहरूको किटानि गरी उत्तरदाताले भनेबमोजिम उपयुक्त अंकमा गोलो चिन्ह लगाउनु पर्दछ । प्रश्न सोध्दा मृतक महिलालाई गर्भवती हुनु भन्दा अगाडी दिइएका स्वास्थ्य समस्याहरू थिए की थिएनन् एक एक गरी सोध्नुपर्दछ ।

जस्तैः सीता नाम भएकी महिलाको मृत्यु भएको भए, प्रश्न सोध्दा निम्नानुसार सोध्नुपर्दछ ।

क. सीता गर्भवती हुनु भन्दा अगाडी उहाँलाई मधुमेह (चिनी रोग) थियो ?

ख. सीता गर्भवती हुनु भन्दा अगाडी उहाँलाई उच्च रक्तचाप थियो ?

ग. सीता गर्भवती हुनु भन्दा अगाडी उहाँलाई मुटु सम्बन्धी समस्या थियो ?

घ. सीता गर्भवती हुनु भन्दा अगाडी उहाँलाई थाईराईड सम्बन्धी समस्या थियो ?

ङ................,च............................,

यसरी सोध्दा एउटा प्रश्नको जवाफ आएपछि मात्र अर्को प्रश्न सोध्नुपर्दछ।

*गर्भवती हुनुभन्दा अगाडी कुनै प्रकारको अप्रेसन, जसको लागि उहाँलाई बेहोस पार्नु परेको वा शरीरको कुनै भाग लाटो पार्नु परेको थियो । जस्तैः टाउको, पेटको अप्रेसन, हड्डी भाँचिएको अप्रेसन आदि भए नभएको सोध्नुपर्दछ ।*

*दीर्घरोग भन्नाले ३ महिना भन्दा लामो समय देखि लागेको र निरन्तर उपचार गर्नुपर्ने रोगहरू सम्झनुपर्छ । जस्तैः क्यान्सर, बाथरोग, आदि ।*

*मृतक महिलालाई गर्भवती हुनु भन्दा अगाडी माथि दिइएका बाहेक कुनै प्रकारको दीर्घरोग लागे नलागेको यकिन गर्नुपर्दछ र लागेको भए कुन रोग हो खुलाएर लेख्नुपर्दछ।*

**प्र. नं. ४१० मृत्युको समयमा उहाँ (मृतक) कति महिनाको गर्भवती हुनुहुन्थ्यो?**

**यदि मृत्यु गर्भवती अवस्थामा भएको भए मात्र यो प्रश्न सोध्नुहोस् ।**

यस प्रश्नमा महिलाको मृत्यु हुँदा कति महिनाको गर्भवती हुनुहुन्थ्यो भन्ने जान्न खोजिएको छ । गर्भावस्था पुरा भएको महिना सोधेर, दिईएको बाकसमा उल्लेख गर्नुपर्दछ । महिना उल्लेख गर्दा निम्नानुसार गर्नुपर्दछः यदि मृत्यु हुँदा ५ महिनाको गर्भवती भएः

| | |
|---|---|
| ० | ५ |

गर्भवती भएको महिना थाहा छैन भने ९८ मा गोलो लगाउनु पर्दछ ।

**खण्ड ५ गर्भ अवस्थासँग सम्बन्धित संकेत चिन्ह तथा लक्षणहरू**

यस खण्डमा महिलाको गर्भ संख्या र पछिल्लो पटकको गर्भावस्थाको बेलामा देखापरेका स्वास्थ्य समस्याहरूको विवरण लिन खोजिएको छ ।

**प्र.न. ५०१ उहाँको यो कति औं पटकको गर्भ थियो ?**

यस प्रश्नमा, मृतक महिलाको अन्तिम गर्भ कति औं पटकको गर्भ थियो भनी जान्न खोजिएको छ । उत्तरदाता सँग, पछिल्लो पटकको गर्भ मृतक महिलाको कति औं पटकको गर्भ थियो भनेर सोध्नुपर्दछ। उत्तरदाताको जवाफलाई दिइएको बाकसमा उल्लेख गर्नुपर्दछ।

उदाहरण, यदि पहिलो गर्भ भए | ० | १ | लेख्नुपर्दछ ।

यदि तेस्रो पटकको गर्भ हो भने | ० | ३ | लेख्नुपर्दछ ।

यदि थाहा छैन भने ९८ र उत्तरदाताले जवाफ दिन नमानेमा ९९ मा गोलो लगाउनु पर्दछ ।

याद गर्नुहोस्, यदि पहिलो गर्भ भए प्र. नं. ५०२-५०४ को उत्तर “००” भनेर आउनु पर्छ र प्र. नं. ५०५ को उत्तर “१” आउनु हुदैन ।

**प्र.न. ५०२ उहाँको कहिल्यै गर्भपतन गरेको वा गर्भ खेर गएको थियो ?**

यस प्रश्नमा मृतक महिलाको कहिल्यै गर्भपतन गरेको वा गर्भ खेर गएको थियो कि थिएन भनेर जान्न खोजिएको छ । उत्तरदाता सँग मृतक महिलाको कहिल्यै गर्भपतन गरेको वा आफैं गर्भ खेर गएको थियो भनेर सोध्नुपर्दछ । यदि थियो भने कति पटक थियो सोधी सो नम्बरलाई दिइएको बाकसमा लेख्नुपर्दछ । यदि थिएन | ० | ० | भने लेख्नुपर्दछ ।

यदि थाहा छैन भने ९८ र उत्तरदाताले जवाफ दिन नमानेमा ९९मा गोलो लगाउनु पर्दछ ।

**प्र.न. ५०३ उहाँ (मृतक) ले कति जना जीवित बच्चा जन्माउनु भएको थियो ?**

यस प्रश्नमा मृतक महिलाले कति जना जीवित बच्चा जन्माउनु भएको थियो भनेर जान्न खोजिएको छ। बच्चा जन्मदा जीवित भएको तर केही समयपछि मरेको भए पनि त्यसलाई जीवित जन्म मान्नुपर्दछ ।

> जीवित जन्मिएका बच्चाको संख्या र प्र. नं. ५०१ मा सोधिएको गर्भको संख्या भन्दा फरक पनि हुन सक्छ । जस्तै गर्भ सङ्ख्या १ भए पनि जुम्ल्याहा वा तिम्ल्याहा बच्चा जन्मिएको भए, जीवित जन्म २ वा ३ हुन सक्दछ । त्यसैगरी गर्भ सङ्ख्या ३ भएको तर एकजना मरेको बच्चा जन्मिएको भए जीवित जन्म २ हुन्छ ।

**प्र.न. ५०४ उहाँ (मृतक) ले कति जना मरेको बच्चा जन्माउनु भएको थियो ?**

यस प्रश्नमा मृतक महिलाले कति जना मरेको बच्चा जन्माउनु भएको थियो भनेर जान्न खोजिएको छ। मृतक महिलाले कहिल्यै मरेको बच्चा जन्माउनु भएको थियो कि थिएन भनेर उत्तरदाता सँग सोध्नुपर्दछ। यसरी सोध्दा, जन्मदा मृत जन्मिएका बच्चाहरूको मात्र सङ्ख्या उल्लेख गर्नुपर्दछ । बच्चा जन्मदा जीवित भएको तर केही समयपछि मरेको भए, त्यसलाई यस प्रश्नमा समावेश गर्नुहुँदैन, त्यो संख्या प्र. नं. ५०३ को जिवित जन्मको संख्यामा आउनु पर्छ ।

कति जना मरेको बच्चा जन्माउनु भएको थियो सोधी सो सङ्ख्यालाई दिइएको बाकसमा लेख्नुपर्दछ ।

यदि मृतक महिलाले एउटा पनि मरेको बच्चा जन्माउनु भएको थिएन भने दिईएको बाकसमा

| ० | ० |
|---|---|

लेख्नुपर्दछ ।

यदि थाहा छैन भने ९८ र उत्तरदाताले जवाफ दिन नमानेमा ९९ मा गोलो लगाउनु पर्दछ ।

**प्र.न. ५०५ उहाँ (मृतक) ले पहिले शल्यकृया गरि बच्चा जन्माउनु भएको थियो ?**

यस प्रश्नमा मृतक महिलाले अन्तिम गर्भ भन्दा अगाडी बच्चा जन्माउँदा शल्यक्रिया गर्नु परेको थियो कि थिएन भनेर जान्न खोजिएको छ । उत्तरदाताले दिएको मिल्ने जवाफमा गोलो लगाउनु पर्दछ ।

**प्र.न. ५०६ यो गर्भ उहाँ (मृतक) को इच्छा अनुसार भएको थियो ?**

यस प्रश्नमा मृतकको इच्छा अनुसार वा योजनामा गर्भ रहेको हो कि होइन भन्ने जान्न खोजिएको छ । उत्तरदाताले दिएको मिल्ने जवाफमा गोलो लगाउनु पर्दछ।

**प्र.न. ५०७ उहाँ (मृतक) ले डाक्टर, नर्स वा अन्य स्वास्थ्यकर्मीबाट गर्भवती जाँच सेवा लिनु भएको थियो ?**

यस प्रश्नमा मृतक महिलाले, अन्तिम पटक गर्भवती हुँदा, डाक्टर, नर्स वा अन्य स्वास्थ्यकर्मीबाट गर्भवती जाँच गराउनु भएको थियो कि थिएन भनेर जान्न खोजिएको छ । यदि गर्भवती जाँच नगराएको भए प्र. नं. ५१० मा जानु पर्दछ ।

**प्र.न. ५०८ (उहाँ) ले गर्भवती जाँच सेवा लिएको भए कति पटक जाँच गराउनु भएको थियो ?**

यस प्रश्नमा, मृतक महिलाले अन्तिम पटक गर्भवती हुँदा कति पटक गर्भवती जाँच गराउनु भएको थियो भनी जान्न खोजिएको छ । उत्तरदाताले भने अनुसारको गर्भवती जाँचको संख्या दिइएको बाकसमा लेख्नुपर्दछ ।

**प्र.न. ५०९ उहाँले निम्न अनुसार गर्भवती जाँच गर्नुभएको थियो ?**

**क) उहाँले चौथो (४) महिनाको गर्भवती जाँच गर्नुभएको थियो ?**

**ख) उहाँले छैटौं (६) महिनाको गर्भवती जाँच गर्नुभएको थियो ?**

**ग) उहाँले आठौं (८) महिनाको गर्भवती जाँच गर्नुभएको थियो ?**

**घ) उहाँले नवौं (९) महिनाको गर्भवती जाँच गर्नुभएको थियो ?**

यस प्रश्नमा, मृतक महिलाले अन्तिम पटक गर्भवती हुँदा गर्भावस्था जाँच ( ANC ) प्रोटोकल अनुसार चार पटक गर्भ जाँच गराएको छ कि छैन भन्ने जान्न खोजिएको छ । गर्भावस्था जाँच प्रोटोकल अनुसार गर्भ रहेको चौथो(४) महिनामा पहिलो जाँच, छैटौं (६) महिनामा दोस्रो जाँच, आठौं (८) महिनामा तेस्रो जाँच र नवौं (९) महिनामा चौथो जाँच गराउनु पर्दछ । गर्भवती महिलाले, उल्लेख गरिएको महिनामा कम्तीमा एक पटक गर्भ जाँच गराएको हुनुपर्दछ ।

उदाहरण, सीताको अन्तिम पटकको महिनावारी जेष्ठ ५ गते भएको भए, असोज महिनामा पहिलो जाँच, मंसिर महिनामा दोस्रो जाँच, माघ महिनामा तेस्रो जाँच, फागुन महिनामा चौथो जाँच गराउनु पर्दछ । प्रोटोकल अनुसार उल्लेखित महिनाहरूमा कम्तीमा एक पटक जाँच गराएको हुनुपर्दछ ।

महिलाको गर्भ जाँच गरेको कार्ड उपलब्ध भए कार्डमा भए अनुसार जवाफ लेख्नुपर्दछ । यदि कार्ड नभएमा उत्तरदातासँग सोढेर यस प्रश्नको उत्तर लेख्नुपर्दछ ।

**प्र.न. ५१० यस (पछिल्लो पटक) गर्भवती हुँदा उहाँ (मृतक) लाई.........................................**

**क) गर्भावस्थामा योनीबाट मैलो गन्हाउने पानी बगेको थियो ?**

**ख) गर्भावस्थामा ज्वरो आएको थियो ?**

**ग) गर्भावस्थामा उच्च रक्तचाप सम्बन्धी समस्या थियो ?**

**घ) गर्भावस्थामा कम्पन्न हुने समस्या थियो ?**

**ङ) गर्भावस्थामा आँखा धमिलो देख्ने, टाउको दुख्ने, रिंगटा लाग्ने, माथिल्लो पेट दुख्ने समस्या थियो?**

**च) गर्भावस्थामा योनीबाट रक्तश्राब भएको थियो ?**

**छ) गर्भावस्थामा तल्लो पेट दुख्ने समस्या थियो?**

**ज) गर्भ पाठेघर बाहिर बसेको थियो ?**

**झ) भ्रुण (पेट भित्रको बच्चा) धेरै चल्ने वा चल्दै नचल्ने समस्या थियो ?**

**ञ) गर्भावस्थामा कमलपित्त (जन्डिस) भएको थियो ?**

**ट) गर्भावस्थामा औलो भएको थियो ?**

**ठ) गर्भावस्थामा क्षयरोग भएको थियो ?**

**ड) गर्भावस्थामा मधुमेह (चिनी रोग) भएको थियो ?**

**ढ) गर्भावस्थामा मुटुजन्य रोग भएको थियो ?**

**ण) गर्भावस्थामा थाईरोईडको समस्या भएको थियो** ?

**त) गर्भावस्थामा कुनै महामारी जन्य रोगको संक्रमण भएको थियो** ?

**थ) गर्भावस्थामा रक्तअल्पता भएको थियो** ?

**द) अन्य (खुलाउने)** ________________

यस प्रश्नमा मृतक महिलाको, अन्तिम पटकको गर्भवती अवस्थामा के -कस्ता समस्याहरू भए भन्ने बारेमा जान्न खोजिएको छ । स्वास्थ्य समस्याहरूको संकेत चिन्ह तथा लक्षणहरू तालिकामा दिइएको छ । प्रत्येक समस्या तथा लक्षणहरूलाई छुट्टाछुट्टै प्रश्नको रुपमा सोध्नुहोस् र प्रत्येक प्रश्नको मिल्दो कुनै एक जवाफमा गोलो लगाउनुहोस् । सोधिएको स्वास्थ्य समस्या देखिएको भएमा १ मा गोलो लगाउनुहोस नदेखिएको भएमा २ मा गोलो लगाउनुहोस् । यदि उत्तरदातालाई यस समस्याका बारेमा थाहा नभएको भए ९८ मा गोलो लगाउनुहोस् । गर्भवती अवस्थामा हुन सक्ने निम्न समस्याहरूलाई एक- एक गरी सोध्नुपर्दछ र उप युक्त जवाफमा गोलो लगाउनुपर्दछ ।

दिइएका प्रश्नहरूलाई निम्नानुसार एक-एक गरी सोध्नुपर्दछ । जस्तैः

**क. यस (पछिल्लो) पटक गर्भवती हुँदा उहाँ (मृतक) लाई गर्भावस्थामा योनीबाट मैलो गन्हाउने पानी बगेको थियो** ?

**ख. यस (पछिल्लो पटक) गर्भवती हुँदा उहाँ (मृतक) लाई गर्भावस्थामा ज्वरो आएको थियो** ?

यसै गरी दिइएका अवस्थाहरूलाई एक- एक गरी पूरा प्रश्नको रुपमा सोध्नुपर्दछ र एउटा प्रश्नको जवाफ लेखिसके पछि मात्र अर्को प्रश्न सोध्नुपर्दछ।

ग........... घ. ...........

**द. यस (पछिल्लो पटक) गर्भवती हुँदा उहाँ (मृतक) लाई माथि दिइएका समस्याहरू बाहेक अन्य कुनै समस्या भएको थियो** ?

यदि थियो भने, के समस्या भएको थियो खुलाएर लेख्नुपर्दछ ।

यदि जवाफ थाहा छैन भन्ने आएमा ९८ र उत्तरदाताले जवाफ दिन नमानेमा ९९ मा गोलो लगाउनु पर्दछ । यदि कुनै समस्याको जवाफ "थियो" भन्ने आएमा, कति दिनको लागि उक्त समस्या भएको थियो सो "अवधि दिन" मा खुलाउनपर्दछ । जस्तैः

यदि २ दिन भए

| | | |
|---|---|---|
| ० | ० | २ |

लेख्नुपर्दछ ।

यदि उत्तर महिनामा जवाफ आएमा दिनमा सोधेर लेख्नुपर्दछ। जस्तै १ महिना भए ३० दिन

| | | |
|---|---|---|
| ० | ३ | ० |

लेख्नुपर्दछ ।

**खण्ड ६ गर्भपतन सम्बन्धी विवरण**

**यो खण्ड सुरु गर्नु अगाडी प्र. नं. ४०१ रुजु गर्नुहोस् । यदि प्र. नं. ४०१ को जवाफमा, महिलाको मृत्यु गर्भ खेर गएको वा गर्भपतन गराउँदा वा गराएको ४२ दिन भित्र भएको भन्ने जवाफ आएमा मात्र यो खण्ड सोध्नुपर्दछ ।**

**यदि मृत्यु गर्भवती अवस्थामा वा बच्चा जन्माउने बेलामा (प्रसुति अवस्था) वा बच्चा जन्माएको (सुत्केरी भएको) ४२ दिन भित्र भएमा यो खण्ड नोसोधी, खण्ड ७ मा जानुपर्दछ ।**

यस खण्डमा महिलाको गर्भपतन सम्बन्धी विवरण लिन खोजिएको छ । मृतकको गर्भपतन कहाँ भएको थियो, कुन प्रकारको थियो र गर्भपतन भएपछि कुनै स्वास्थ्य समस्याहरू भए नभएका बारेमा प्रश्नहरू तालिकामा दिइएको छ ।

**प्र. नं. ६०१ यदि उहाँ (मृतक) को मृत्यु गर्भपतन गराउदै गर्दा वा गराए पछि भएको भए, गर्भपतन गराउन कहाँ जानु भएको थियो?** ***यदि स्वास्थ्य संस्थामा गर्भपतन गराएको भए स्वास्थ्य संस्थाको नाम उल्लेख गर्नुहोस्।***

यस प्रश्नमा महिलाको मृत्यु गर्भपतनको कारण भएको भए, उहाँले कहाँ गर्भपतन गराउनु भएको भन्ने जान्न खोजिएको छ । उत्तरदाताको जवाफको आधारमा, दिइएको उपर्युक्त अङ्कमा गोलो लगाउनु पर्दछ । जस्तैः स्वास्थ्य चौकी भन्ने जवाफ आएमा १, प्रा.स्वा.के. आएमा २, सरकारी अस्पताल आएमा ३ मा गोलो लगाउनुपर्दछ।

यदि मृतकले गर्भपतन मेरी स्टोप्स् वा अन्य यस्तै संस्थामा गराएको भन्ने जवाफ आएमा गै.स.स / मिसन अस्पताल ५ मा गोलो लगाउनुपर्दछ । यदि मृतकले गर्भपतन क्लिनिकमा गराएको भए ४ र यदि स्वास्थ्यकर्मीको सल्लाह बिना, घरैमा घरेलु औषधि वा जडीबुटीको प्रयोग वा अन्य घरेलु विधि प्रयोग गरी भएको भए ७ मा गोलो लगाउनुपर्दछ । दिइएको जवाफ बाहेक अन्य स्थानमा गर्भपतन गराएको भए ९६ मा गोलो लगाइ कुन स्थान हो सो खुलाएर लेख्नुपर्दछ।

यदि मृतकले गर्भपतन स्वास्थ्य संस्थामा गराएको भए उक्त स्वास्थ्य संस्थाको नाम पनि उल्लेख गर्नुपर्दछ ।

**प्र. नं. ६०२ उहाँ (मृतक) को गर्भपतन कुन तरिकाबाट गरिएको थियो ?**

यस प्रश्नमा मृतक महिलाको गर्भपतन कुन तरिकाबाट भएको वा गरिएको थियो भन्ने जान्न खोजिएको छ । यदि महिलाले औषधिको प्रयोग गरी गर्भपतन गराएको भन्ने जवाफ आएमा १ मा गोलो लगाउनु पर्दछ । त्यस्तै सर्जिकल विधि (एम.भि.ए, डि.एण्ड सि, क्युरेट, हिस्टेरोटोमी) बाट गर्भपतन गराएको भए

२ मा गोलो लगाउनुपर्दछ । यदि कुनै औषधि, जडीबुटी वा साधनको प्रयोग बिना प्राकृतिक रूपमा आफै गर्भपतन भएको भए ४ मा गोलो लगाउनुपर्दछ । दिइएको जवाफ बाहेक अन्य कारणले गर्भपतन भएको भए ९६ मा गोलो लगाइ के कारण हो सो खुलाएर लेख्नुपर्दछ । यदि उत्तरदातालाई जवाफ थाहा नभएको खण्डमा ९८ मा गोलो लगाउनुपर्दछ ।

**प्र. नं. ६०३ उहाँ (मृतक) को मृत्यु गर्भपतन गराउँदा भएको थियो ?**

यस प्रश्नमा मृतक महिलाको मृत्यु गर्भपतन गराउने क्रममा भएको थियो कि थिएन भन्ने जान्न खोजिएको छ । यदि महिलाको मृत्यु गर्भपतन गराउने क्रममा भएको थियो भने १, थिएन भने २, थाहा छैन भने ९८ र जवाफ दिन नमानेमा ९९ मा गोलो लगाउनुपर्दछ।

**प्र. नं. ६०४ उहाँ (मृतक) को मृत्यु गर्भ आफै खेर गएको वा गर्भपतन गराएको ४२ दिन भित्र भएको थियो ?**

यस प्रश्नमा मृतक महिलाको मृत्यु गर्भ आफै खेर गएको वा गर्भपतन गराएको ४२ दिन भित्र भएको थियो कि थिएन भन्ने जान्नखोजिएको छ। गर्भ आफै खेर गएको भन्नाले कुनै औषधि वा औजारको प्रयोग बिना आफै प्राकृतिक रूपमा भएको गर्भपतन भन्ने बुझिन्छ। यदि महिलाको मृत्यु गर्भ आफै खेर गएको वा गर्भपतन गराएको ४२ दिन भित्र भएको थियो भने १, थिएन भने २, थाहा छैन भने ९८ र जवाफ दिन नमानेमा ९९ मा गोलो लगाउनुपर्दछ।

**प्र. नं. ६०५ उहाँ (मृतक) को गर्भपतन सफल भएको थियो ?**

यस प्रश्नमा मृतक महिलाको गर्भपतन सफल भएको थियो कि थिएन भन्ने जान्न खोजिएको छ । सामान्यतया गर्भपतन पश्चात तत्काल कुनै जटिलताहरू देखिएनन् भने गर्भपतन सफल भएको मानिन्छ । यदि गर्भपतन सफल भएको थियो भने १, थिएन भने २, थाहा छैन भने ९८ र जवाफ दिन नमानेमा ९९ मा गोलो लगाउनुपर्दछ।

**प्र. नं. ६०६ उहाँ (मृतक) को गर्भपतन गरि सकेपछि अत्त्यधिक रक्तश्राव भएको थियो ?**

यस प्रश्नमा मृतक महिलाको गर्भपतन गरि सकेपछि अत्त्यधिक रक्तश्राव भएको वा ह्वालह्वाली धेरै रगत बगेको थियो कि थिएन भन्ने जान्न खोजिएको छ।

गर्भपतन गरि सकेपछि अलिअलि रगत बग्नु सामान्य हो । गर्भपतन गराएको लामो समयसम्म (१२ घण्टा भन्दा बढी) धेरै रगत ह्वालह्वाली बगेको छ वा एक घण्टामा दुई वा सो भन्दा बढी टालो / प्याड रगतले पुरै भिजेको छ भने अत्त्यधिक रक्तश्राव भएको मानिन्छ ।

यदि अत्त्यधिक रक्तश्राब भएको थियो भने १, थिएन भने २, थाहा छैन भने ९८ र जवाफ दिन नमानेमा ९९ मा गोलो लगाउनुपर्दछ।

**प्र. नं. ६०७ उहाँ (मृतक) को गर्भपतन गरेपछि ४२ दिन भित्र ज्वरो आएको थियो ?**

यस प्रश्नमा मृतक महिलाको गर्भपतन गरि सकेपछि ४२ दिन भित्र ज्वरो आएको थियो कि थिएन भन्ने जान्न खोजिएको छ । उत्तरदाताको जवाफको आधारमा उपयुक्त उत्तरमा गोलो लगाउनुपर्दछ ।

**प्र. नं. ६०८ उहाँ (मृतक) को गर्भपतन गरेपछि ४२ दिन भित्र योनीबाट गन्हाउने पानी बगेको थियो ?**

यस प्रश्नमा मृतक महिलाको गर्भपतन गरि सकेपछि ४२ दिन भित्र योनीबाट गन्हाउने पानी बगेको थियो कि थिएन भन्ने जान्न खोजिएको छ । उत्तरदाताको जवाफको आधारमा उपयुक्त उत्तरमा गोलो लगाउनुपर्दछ ।

**प्र. नं. ६०९ उहाँ (मृतक) को गर्भपतन गरेपछि अत्यधिक पेट दुखेको थियो ?**

यस प्रश्नमा मृतक महिलाको गर्भपतन गरि सकेपछि अत्यधिक पेट दुखेको थियो कि थिएन भन्ने जान्न खोजिएको छ। उत्तरदाताको जवाफको आधारमा उपयुक्त उत्तरमा गोलो लगाउनुपर्दछ ।

**प्र. नं. ६१० उहाँको गर्भपतन गराउँदा पाठेघरमा कुनै चोटपटक लागेको वा प्वाल परेको वा पाठेघर फुटेको थियो ?**

यस प्रश्नमा मृतक महिलाको गर्भपतन गराउँदा पाठेघरमा कुनै चोटपटक लागेको वा प्वाल परेको वा पाठेघर फुटेको थियो कि थिएन भन्ने जान्न खोजिएको छ। उत्तरदाताको जवाफको आधारमा उपयुक्त उत्तरमा गोलो लगाउनुपर्दछ ।

## खण्ड ७ प्रसुति सम्बन्धी विवरण

***यो खण्ड सुरु गर्नु अगाडी प्र. नं. ४०१ रुजु गर्नुहोस् । यदि प्र. नं. ४०१ को जवाफमा, महिलाको मृत्यु बच्चा जन्माउने बेलामा (प्र. नं. ४०१-खः प्रसुति अवस्था) वा बच्चा जन्माएको (प्र. नं. ४०१-गः सुत्केरी भएको) ४२ दिन भित्र भएको भएको भन्ने जवाफ आएमा मात्र यो खण्ड सोध्नुपर्दछ ।***

यस खण्डमा महिलाको प्रसुति अवस्था सम्बन्धी विवरण लिन खोजिएको छ । प्रश्नकर्ताले यस खण्डमा भएका प्रश्नहरू क्रमिक रुपमा स्पष्टसँग सोध्नु पर्दछ र जवाफको आधारमा उपयुक्त उत्तरमा गोलो लगाउनु पर्दछ । यदि कुनै समस्याको जवाफ “थियो” भन्ने आएमा, कति समयका लागि उक्त समस्या भएको थियो सो “अवधि घण्टा” मा खुलाउनुपर्दछ ।

**प्र. नं. ७०१ उहाँको प्रसुति व्यथा सुरु भएको कति समय पछि बच्चा जन्मिएको थियो ?**

यस प्रश्नमा मृतक महिलाको प्रसुति व्यथा सुरु भएको कति समय पछि बच्चा जन्मिएको थियो भन्ने जान्न खोजिएको छ । प्रसुति व्यथा सुरु भएदेखि बच्चा जन्मिदा सम्मको अवधि, घण्टामा दिइएको बाकसमा लेख्नुपर्दछ । यदि अवधी थाहा नभएमा "थाहा छैन" मा गोलो लगाउनु पर्दछ ।

> प्रसुति व्यथा भन्नाले लगातार पेटको दुखाइ बढ्दै जाने, १ मिनेट भन्दा लामो समय सम्म पेट कडा हुने र धेरै दुख्ने अवस्था हो ।
>
> सामान्यतया पहिलो पटक गर्भवती भएका महिलाको प्रसुति व्यथा सुरु भएको १२ देखि १८ घण्टा भित्र बच्चा जन्मिन्छ ।
>
> यस प्रश्नको जवाफमा २४ घण्टा भन्दा बढी आएमा फेरी दोहोर्याएर सोधी साँच्चिकै प्रसुति व्यथा लागेको सही समय सुनिश्चित गर्नुपर्छ।

**प्र. नं. ७०२ उहाँ (मृतक) को प्रसुति कहाँ भएको थियो?**

यस प्रश्नमा मृतक महिलाको प्रसुति कहाँ भएको, बच्चा कहाँ जन्मिएको थियो भन्ने जान्न खोजिएको छ । उत्तरदाताको जवाफको आधारमा दिइएको उपयुक्त अङ्कमा गोलो लगाउनुपर्दछ । जस्तै स्वास्थ्य चौकी भन्ने जवाफ आएमा १, प्रा.स्वा.के. आएमा २ मा गोलो लगाउनुपर्दछ । यदि महिलाको प्रसुति घरबाट स्वास्थ्य संस्था जाँदा बाटोमा भएको भए ९ मा र एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वा.सं. जाँदा बाटोमा भएको भए १० मा गोलो लगाउनुपर्दछ । दिइएको जवाफ बाहेक अन्य स्थानमा प्रसुति गराएको भए ९६ मा गोलो लगाइ कुन स्थान हो सो खुलाएर लेख्नुपर्दछ । यदि मृतकले प्रसुति स्वास्थ्य संस्थामा गराएको भए उक्त स्वास्थ्य संस्थाको नाम पनि उल्लेख गर्नुपर्दछ।

**प्र. नं. ७०३ उहाँ (मृतक) लाई प्रसुति गराउने मुख्य व्यक्तिको हुनुहुन्थ्यो ? (एउटा जवाफमा मात्र गोलो लगाउनुहोस्)**

यस प्रश्नमा मृतक महिलाको प्रसुति कसले गराएको हो भन्ने जान्न खोजिएको छ । यो प्रश्न सोध्दा मृतकको प्रसुति गराउने मुख्य **एउटा** व्यक्ति को थियो भनी सोध्नुपर्दछ । यदि उत्तरदाताले व्यक्तिको नाम भनेमा उक्त व्यक्तिको पद सोधेर लेख्नुपर्दछ ।

**प्र. नं. ७०४ उहाँ (मृतक) को कुन विधिबाट प्रसुति गराइएको थियो?**

यस प्रश्नमा मृतक महिलाको प्रसुति कुन विधिबाट भएको हो भन्ने जान्न खोजिएको छ । यदि महिलाको प्रसुति प्राकृतिक रूपमा सामान्य तरिकाले कुनै औषधि औजारको मदत बिना भएको हो भने १ मा गोलो लगाउनुपर्दछ । यदि महिलाको प्रसुति गराउँदा औजार तथा उपकरण (भ्याकुम वा फोरसेपको प्रयोग

भएको भए २ मा गोलो लगाउनुपर्दछ । यी बाहेक अन्य विधिबाट प्रसुति गराएको भए ९६ मा गोलो लगाइ खुलाएर लेख्नुपर्दछ ।

**प्र. नं. ७०५ उहाँ (मृतक) लाई प्रसुति गराउँदा.............**

**क) ज्वरो आएको थियो ?**
**ख) योनीबाट गन्हाउने पानी बगेको थियो ?**
**ग) शरीर पुरै काम्ने (फिट्स, सिजर वा कन्वल्जन) भएको थियो ?**
**घ) २४ घण्टा भन्दा लामो प्रसुति व्यथा लागेको थियो ?**
**ङ) साल अड्किएको थियो ?**
**च) योनीबाट अत्यधिक रगत बगेको थियो ?**
**छ) बच्चा असामान्य अवस्था (उल्टो, छड्के आदि) मा बसेको थियो ?**
**ज) बच्चा ज्यादै ठूलो थियो ?**
**झ) बच्चाको टाउको भन्दा पहिले हात खुट्टा वा अन्य अंग बाहिर आएको थियो कि थिएन?**
**ञ) बेहोस हुनु भएको थियो ?**
**ट) अप्रेसनको लागि बेहोस गराउँदा / शरीरको कुनै भाग लठ्याउंदा समस्या भएको थियो ?**
**ठ) अन्य (खुलाउने) ________________________________**

यस प्रश्नमा प्रसुति गराउँदा हुन सक्ने समस्याहरूका बारेमा जान्न खोजिएको छ । प्रसुति गराउँदा हुन सक्ने निम्न समस्याहरू एक- एक गरी सोध्नुपर्दछ र उपयुक्त जवाफमा गोलो लगाउनु पर्दछ । यदि कुनै समस्याको जवाफ थियो भन्ने आएमा, कति समयको लागि उक्त समस्या भएको थियो सो अवधि **<u>घण्टामा</u>** खुलाउनुहोस्।

| |
|---|
| प्रसुति गराउदा अत्याधिक रक्तश्राव भन्नाले प्राकृतिक (सामान्य) प्रसुति भए, ५०० मि.लि. भन्दा बढी रगत बगेमा, अपरेसन गरेको भए १००० मि.लि. भन्दा बढी रगत बगेमा वा जुनसुकै प्रसुतिमा १ घण्टामा दुई व सो भन्दा बढी प्याड वा टालो रातो रगतले पूरै भिजेको अवस्था बुझिन्छ । |
| सामान्यतया जन्मिँदा बच्चाको तौल ४ के.जी भन्दा धेरै भएमा ज्यादै ठूलो बच्चा मानिन्छ। |

यो प्रश्न सोध्दा क्रमैसंग पूरा प्रश्न सोध्नुपर्दछ र एउटा प्रश्नको जवाफ आएपछि मात्र अर्को प्रश्न सोध्नुपर्दछ । जस्तैः

क. उहाँ (मृतक) लाई प्रसुति गराउँदा ज्वरो आएको थियो ?
ख. उहाँ (मृतक) लाई प्रसुति गराउँदा योनीबाट गन्हाउने पानी बगेको थियो ?
ग. उहाँ (मृतक) लाई प्रसुति गराउँदा शरीर पूरै काम्ने (फिट्स, सिजर वा कन्वल्जन) भएको थियो?

यसैगरी अन्य प्रश्नहरू सोध्नु पर्दछ ।

**खण्ड ८ सुत्केरी सम्बन्धी विवरण**

***यो खण्ड सुरु गर्नु अगाडी प्र. नं. ४०१ रुजु गर्नुहोस् । यदि प्र. नं. ४०१ को जवाफमा, महिलाको मृत्यु बच्चा जन्माएको (प्र. नं. ४०१-गः सुत्केरी भएको) ४२ दिन भित्र भएको भएको भन्ने जवाफ आएमा मात्र यो खण्ड सोध्नुपर्दछ ।***

**प्र.न. ८०१ यदि उहाँ (मृतक) को मृत्यु सुत्केरी पछि भएको भए सुत्केरी भएको कति दिन पछि मृत्यु भएको भएको थियो?**

यस प्रश्नमा महिलाको मृत्यु बच्चा जन्मिए पश्चात् ४२ दिन भित्र भएको हो कि होइन जान्न खोजिएको छ । उत्तरदातालाई, महिलाको मृत्यु प्रसुति भए पछि कति दिनमा भएको हो भनेर सोध्नुपर्दछ र दिनमा प्राप्त भएको जवाफलाई उल्लेख गर्नुपर्दछ । यदि जवाफ थाहा छैन भन्ने आएमा ९८ र उत्तरदाताले जवाफ दिन नमानेमा ९९ मा गोलो लगाउनु पर्दछ।

**प्र.न. ८०२ उहाँ (मृतक) लाई सुत्केरी भए पछि.........................**

**क) योनी बाट धेरै रगत बगेको थियो** ?
**ख) योनीबाट गन्हाउने पानी बगेको थियो** ?
**ग) नङ, आँखाको डिल, गिंजा फुस्रो देखिएको थियो** ?
**घ) पेट धेरै दुख्ने भएको थियो** ?
**ङ) रिंगटा लाग्ने, मुर्छा पर्ने भएको थियो** ?
**च) शरीर पूरै कम्पन्न हुने गरेको थियो** ?
**छ) ज्वरो आउने गरेको थियो** ?
**ज) योनी बाट दिसा पिसाब चुहिने थियो** ?
**झ) पाठेघर खस्ने र पाठेघर उल्टिएको थियो** ?
ञ) **अन्य (खुलाउने)** ________________________________

यस प्रश्नमा मृतक महिलाको अन्तिम पटकको सुत्केरी पश्चात् देखिएका स्वास्थ्य समस्याहरू बारे जान्न खोजिएको छ । यो खण्डमा प्रश्न सोध्दा सुत्केरी पश्चात् हुन सक्ने निम्न समस्याहरूलाई एक- एक गरी सोध्नुपर्दछ र उपयुक्त जवाफमा गोलो लगाउनु पर्दछ ।
जस्तैः सीता नाम भएकी महिलाको मृत्यु भएको भए, प्रश्न सोध्दा

क. सीतालाई सुत्केरी भएको २४ घण्टा पछि योनी बाट धेरै रगत बगेको थियो ?

यदि कुनै समस्याको जवाफ "थियो" भन्ने आएमा, कति दिनको लागि उक्त समस्या भएको थियो सो "अवधि दिन" मा खुलाउनपर्दछ।

जस्तैः यदि २ दिन भए | ० | २ | लेख्नुपर्दछ।

एउटा प्रश्नको जवाफ लेखिसके पछि मात्र अर्को प्रश्न सोध्नुपर्दछ।

यसै गरी सबै समस्याहरू एक- एक गरी पुरा प्रश्नको रुपमा सोध्नुपर्दछ र एउटाको जवाफमा लेखिसके पछि मात्र अर्को प्रश्न सोध्नुपर्दछ।

ख. सीतालाई सुत्केरी भएको २४ घण्टा पछि योनीबाट गन्हाउने पानी बगेको थियो ?

ग. सीता लाई सुत्केरी भएको २४ घण्टा पछि नङ, आँखाको डिल, गिंजा फुस्रो देखिएको थियो?

घ. सीतालाई सुत्केरी भएको २४ घण्टा पछि पेट धेरै दुख्ने भएको थियो ?

ङ. सीतालाई सुत्केरी भएको २४ घण्टा पछि रिंगटा लाग्ने, मुर्छा पर्ने भएको थियो ?

च. ....................

ञ अन्य (खुलाउने) ____________________________________

माथि उल्लेख गरिएका समस्याहरू भन्दा पृथक अरु समस्याहरू भएमा खुलाएर लेख्नुपर्दछ ।

**प्र.न. ८०३ उहाँले सुत्केरी पश्चात ...........................**

**क. २४ घण्टामा सुत्केरी जाँच गराउनु भएको थियो ?**
**ख. तेस्रो (३) दिनमा सुत्केरी जाँच गराउनु भएको थियो ?**
**ग. सातौं (७) दिनमा सुत्केरी जाँच गराउनु भएको थियो ?**

यस प्रश्नमा, मृतक महिलाले अन्तिम पटकको गर्भमा, **सुत्केरी भए पछी** प्रोटोकल अनुसार तीन पटक सुत्केरी जाँच गराएको छ कि छैन भन्ने जान्न खोजिएको छ । सुत्केरी जाँच प्रोटोकल अनुसार, सुत्केरी भएको वा बच्चा जन्मेको २४ घण्टामा पहिलो जाँच, तेस्रो (३) दिनमा दोस्रो जाँच र सातौं (७) दिनमा तेस्रो जाँच गराउनु पर्दछ ।

प्रश्न सोध्दा निम्नानुसार सोध्नुहोस् र एउटा प्रश्नको उत्तर आए पछी मात्र अर्को प्रश्न सोध्नुहोस् ।

क. उहाँ (मृतक) ले सुत्केरी पश्चात २४ घण्टामा सुत्केरी जाँच गराउनु भएको थियो ?
ख. उहाँ (मृतक) ले सुत्केरी पश्चात तेस्रो (३) दिनमा सुत्केरी जाँच गराउनु भएको थियो ?
ग. उहाँ (मृतक) ले सुत्केरी पश्चात सातौं (७) दिनमा सुत्केरी जाँच गराउनु भएको थियो ?

सबै प्रश्नहरू एक- एक गरी पुरा प्रश्नको रुपमा सोध्नुपर्दछ र एउटाको जवाफमा लेखिसके पछि मात्र अर्को प्रश्न सोध्नुपर्दछ ।

## खण्ड ९ स्वास्थ्य सेवा उपयोग सम्बन्धी विवरण

महिलाको मृत्यु जुन सुकै कारणले भएको भए पनि यो खण्ड सबैलाई सोधनुपर्दछ । यस खण्डमा मृत्यु हुनुभन्दा अगाडि उपचारका लागि लगिएको स्थान, को सँग उपचार गराएको थियो, सो को बारेमा सोधिएको छ । ती स्थानबाट उपलब्ध स्वास्थ्य सेवासँग सम्बन्धित कागजात भएमा सो समेत अध्ययन गर्नुपर्ने हुन्छ ।

**प्र.न. ९०१ उहाँ (मृतक) ले मृत्यु हुनु अघि बिरामी हुँदा स्वास्थ्य संस्था वा अन्य ठाउँमा उपचार गराउनु भएको थियो कि थिएन?**

यस प्रश्नमा मृत्यु हुनुभन्दा अघि महिलाले बिरामी हुँदा उपचार गराएको वा नगराएको बारे जान्न खोजिएको छ । यदि उपचार गराएको थियो भने १, थिएन भने २ मा गोलो लगाउनुहोस् ।

यदि मृत्यु हुनुभन्दा अघि महिलाले बिरामी हुँदा उपचार गराएको थिएन भने प्र.न. ९०४ मा जानु पर्दछ र उत्तरदातालाई यस प्रश्नको जवाफ थाहा छैन भने प्र.न. ९०५ मा जानु पर्दछ ।

**प्र.न. ९०२ यदि उहाँ (मृतक) ले मृत्यु हुनु अघि बिरामी हुँदा स्वास्थ्य संस्था वा अन्य ठाउँमा उपचार गराएको भए उपचार कहाँ गराउनु भयो ?**

यस प्रश्नमा, मृत्यु हुनु अघि बिरामी हुँदा कुन स्थानमा उपचार गराएको थियो भन्ने जान्न खोजिएको छ । मृत्यु हुनु अघि बिरामी हुँदा स्वास्थ्य संस्था वा अन्य ठाउँमा उपचार गराएको भए उत्तरदाताको जवाफ अनुसार मिल्दो उत्तरमा गोलो लगाउनुपर्दछ । यदि कुनै स्वास्थ्य संस्थामा उपचार गराएको भए सो संस्थाको नाम उल्लेख गर्नुपर्दछ ।

**प्र.न. ९०३ यदि उहाँ (मृतक) ले मृत्यु हुनु अघि बिरामी हुँदा स्वास्थ्य संस्था वा अन्य ठाउँमा उपचार गराएको भए को संग उपचार गराउनु भयो ?**

यदि उहाँ (मृतक) ले मृत्यु हुनु अघि बिरामी हुँदा स्वास्थ्य संस्था वा अन्य ठाउँमा उपचार गराएको भए को संग उपचार गराउनु भएको थियो । यस प्रश्नमा अन्य स्वास्थ्यकर्मी भन्दा पारामेडिक्स, अहेब, सि. अहेब बुझ्नुपर्दछ ।

**प्र.न. ९०४ यदि उहाँ (मृतक) ले मृत्यु हुनु अघि बिरामी हुँदा स्वास्थ्य संस्था वा अन्य ठाउँमा उपचार नगराएको भए उपचार किन गराउनु भएन ? कारण (खुलाउने)**

यदि प्र.न. ९०१ मा मृत्यु हुनुभन्दा अघि महिलाले बिरामी हुँदा उपचार नगराएको भन्ने जवाफ आएमा मात्र यो प्रश्न सोध्नुपर्दछ । यस प्रश्नमा उत्तरदातालाई उपचार नगराउनुको कारण सोध्नपर्दछ । उत्तरदाताले दिएका सबै जानकारीहरूलाई क्रमैसँग नछुटाइकन उल्लेख गर्नु पर्दछ ।

**खण्ड १०. मृत्युका कारणहरू सम्बन्धी विवरण**

**प्र.न. १००१ तपाईको विचारमा उहाँ (मृतक) को उपचार गर्ने सन्दर्भमा...........................**

- **क) स्वास्थ्य सबन्धी समस्या छ भन्ने पहिचान गर्न ढिलाई भएको थियो** ?
- **ख) उपचार गर्ने निर्णय गर्न ढिलाई भएको थियो** ?
- **ग) दक्ष वा तालिम प्राप्त स्वास्थ्यकर्मी बाहेक अन्य बाट उपचार गराएकोले ढिलाई भएको थियो**?
- **घ) पैसा नभएर वा पैसाको व्यवस्था गर्न ढिलाई भएको थियो** ?
- **ङ) यातायातको साधन नभएर / व्यवस्था गर्न ढिलाई भएको थियो** ?
- **च) परम्परागत रीति रिवाजले गर्दा ढिलाई भएको थियो** ?
- **छ) स्वास्थ्य संस्था एक्लै जान नसक्ने भएकोले ढिलाई भएको थियो** ?
- **ज) उपचारको लागि घरबाट अनुमति लिन ढिलाई भएको थियो** ?
- **झ) धेरै रात परेकोले स्वास्थ्य संस्था जान नसकेकोले ढिलाई भएको थियो** ?
- **ञ) अन्य (खुलाउने)...................................................**

कुनै कुनै समुदायमा अफ्नै रीति रिवाज र परम्पराको कारण उपचारमा ढिलाई हुन सक्छ। जस्तैः सबैभन्दा पहिला धामीलाई देखाउने त्यसपछि मात्र स्वास्थ्य संस्थामा लैजाने, जन्मेको दिन वा बारमा घरबाट बाहिर ननिस्कने, साइत हेर्ने आदि ।

महिलाको मृत्यु जुनै कारणले भएको भए पनि सबैलाई यो खण्ड सोध्नुहोस् । यस प्रश्नमा मृत्युसँग सम्बन्धित तीन ढिलाईहरूका बारे जान्न खोजिएको छ । तीन ढिलाईहरू यस प्रकार छन् ।

१. स्वास्थ्य समस्या हो भनेर पहिचान गर्न र उपचार गर्नुपर्छ भन्ने निर्णय गर्नमा ढिलाई,

२. स्वास्थ्य संस्थामा पुग्नमा ढिलाई र

३. स्वास्थ्य संस्थामा पुगेपछि उपचारमा ढिलाई

यी ढिलाईहरूसँग सम्बन्धित कारणहरूका बारेमा सोध्दा एक- एक गरी सोध्नुपर्दछ र उपयुक्त जवाफमा गोलो लगाउनु पर्दछ । सोधिएको प्रश्नको जवाफ हो/थियो आएमा “१” मा गोलो लगाउनुहोस, होईन/थिएन आएमा “२” मा गोलो लगाउनुहोस् । यदि उत्तरदातालाई यस समस्याका बारेमा थाहा छैन भन्ने उत्तर आएमा “९८” मा र यदि जवाफ दिन नमानेमा “९९” मा गोलो लगाउनुहोस् ।

जस्तैः सीता नाम भएकी महिलाको मृत्यु भएको भए, प्रश्न सोध्दा

क) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य सबन्धी समस्या छ भन्ने पहिचान गर्न ढिलाई भएको थियो ?

ख) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा उपचार गर्ने निर्णय गर्न ढिलाई भएको थियो ?

ग) तपाईको विचारमा सीता को उपचार गर्ने सन्दर्भमा दक्ष वा तालिम प्राप्त स्वास्थ्यकर्मी बाहेक अन्य बाट उपचार गराएकोले ढिलाई भएको थियो ?

घ) तपाईको विचारमा सीता को उपचार गर्ने सन्दर्भमा पैसा नभएर वा पैसाको व्यवस्था गर्न समय लागेर ढिलाई भएको थियो ?

ङ) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा यातायातको साधन नभएर वा व्यवस्था गर्न ढिलाई भएको थियो ?

च) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा परम्परागत रीति रिवाजले गर्दा ढिलाई भएको थियो ?

छ) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य संस्था एक्लै जान नसक्ने भएकोले ढिलाई भएको थियो ?

ज) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा उपचारको लागि घरबाट अनुमति लिन ढिलाई भएको थियो?

झ) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा धेरै रात परेकोले स्वास्थ्य संस्था जान नसकेकोले ढिलाई भएको थियो ?

ञ) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा अन्य समस्याहरू भएको थियो ? यदि थियो भने ती समस्याहरू खुलाएर भन्नुहोस् ।

यसरी सोध्दा एउटा प्रश्नको जवाफ आएपछि मात्र अर्को प्रश्न सोध्नुपर्दछ ।

**प्र.न. १००२ तपाईको विचारमा उहाँ (मृतक) को उपचार गर्ने सन्दर्भमा..............................**

**क) यातायातको सुविधा नभएको कारण प्रेषण (रेफर) गरेको स्वास्थ्य संस्थामा जान ढिलाई भएको थियो**?

**ख) स्वास्थ्य संस्था बीच सूचना आदान प्रदान गर्न ढिलाई भएको थियो**?

**ग) स्वास्थ्य संस्थामा भर्ना हुने बित्तिकै उपचार हुन ढिलाई भएको थियो**?

**घ) अघिल्लो स्वास्थ्य संस्थाको उपचार गर्ने क्षमता नभएकोले ढिलाई भएको थियो**?

**ङ) यो स्वास्थ्य संस्था उपचार गर्न असक्षम भएकोले ढिलाई भएको थियो**?

**च) स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव भएकोले ढिलाई भएको थियो**?

**छ) स्वास्थ्य संस्थामा रगतको व्यवस्थापन हुन नसकेर ढिलाई भएको थियो**?

**ज) स्वास्थ्य संस्थामा आवस्यक औषधिको कमी भएर ढिलाई भएको थियो**?

**झ) स्वास्थ्य संस्थामा अत्यावस्यक उपकरणको अभाव भएकोले ढिलाई भएको थियो**?

**ञ) अन्य (खुलाउने)**

यस प्रश्नमा मृतक महिलाको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य संस्थासँग सम्बन्धित कारणहरूका बारे जान्न खोजिएको छ । यी प्रश्नहरू तल दिइए जसरी सोध्नुपर्दछ । यसरी सोध्दा एउटा प्रश्नको जवाफ आएपछि मात्र अर्को प्रश्न सोध्नुपर्दछ।

"अब म बिरामीको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य संस्थासँग सम्बन्धित कारणहरूका बारेमा केही प्रश्नहरू सोध्न चाहन्छु"

क) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा यातायातको सुविधा नभएको कारण प्रेषण (रेफर) गरेको स्वास्थ्य संस्थामा जान ढिलाई भएको थियो ? एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा जादा ढिलाइ भएको थियो?

ख) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य संस्था बीच सूचना आदान प्रदान गर्न ढिलाई भएको थियो?

ग) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य संस्थामा भर्ना हुने बित्तिकै उपचार हुन ढिलाई भएको थियो?

घ) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा अघिल्लो स्वास्थ्य संस्थाको उपचार गर्ने क्षमता नभएकोले ढिलाई भएको थियो?

ङ) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा यो स्वास्थ्य संस्था उपचार गर्न असक्षम भएकोले ढिलाई भएको थियो?

च) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव भएकोले ढिलाई भएको थियो?

छ) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य संस्थामा रगतको व्यवस्थापन हुन नसकेर ढिलाई भएको थियो?

ज) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य संस्थामा आवस्यक औषधिको कमी भएर ढिलाई भएको थियो?

झ) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य संस्थामा अत्यावस्यक उपकरणको अभाव भएकोले ढिलाई भएको थियो?

ञ) तपाईको विचारमा सीताको उपचार गर्ने सन्दर्भमा स्वास्थ्य संस्थासँग सम्बन्धित अरु कुनै प्रकारको ढिलाई भएको थियो ? यदि थियो भने ती समस्याहरू खुलाएर भन्नुहोस ।
यसरी सोध्दा एउटा प्रश्नको जवाफ आएपछि मात्र अर्को प्रश्न सोध्नुपर्दछ।

**प्र.न. १००३ के उहाँको मृत्यु कुनै तल दिईएका प्रकारहरूबाट भएको थियो ?**

**क) के उहाँ आगोले वा अन्य रसायनले जल्नु वा पोलिनु भएको थियो ?**

**ख) तपाईको विचारमा के उहाँले आत्महत्या गर्नु भएको थियो** ?

**ग) के उहाँको मृत्यु सडक दुर्घटनामा भएको थियो**?

**घ) के उहाँ लडेर घाईते हुनु भएको थियो** ?

**ङ) के उहाँको मृत्यु पानीमा डुबेर भएको थियो** ?

**च) के उहाँको मृत्यु कुनै प्रकारको जनावर वा किराले टोकेको कारणले भएको थियो** ?

**छ) के उहाँ कुनै हिंसा वा आक्रमणको शिकार हुनु भएको थियो** ?

**ज) उहाँको मृत्यु अन्य प्रकारको दुर्घटनाबाट भएको भए खुलाउनुहोस ?**

**झ) मृत्यु हुँदाको बखत उहाँ (मृतक) लाई कोभिड-१९ सङ्क्रमण पुष्टि भएको थियो ?**

यस प्रश्नमा महिलाको मृत्यु दिइएका मध्य कुनै प्रकारले भएको थियो भनि एक- एक प्रश्न गर्दै सोध्नुपर्दछ । सोधिएको प्रश्नको जवाफ हो/थियो आएमा “१” मा गोलो लगाउनु पर्दछ, होईन/थिएन आएमा “२” मा गोलो लगाउनु पर्दछ । यदि थाहा छैन भन्ने उत्तर आएमा “९८” मा र जवाफ दिन नचाहेमा “९९” मा गोलो लगाउनु पर्दछ । एउटा प्रश्नको उत्तर आए पछी मात्र अर्को प्रश्न सोध्नुहोस् ।

**प्र.न. १००४ स्वास्थ्य कर्मीले वहाँको मृत्यु के कारणले भएको हो भनेर भन्नु भएको थियो ?**

स्वास्थ्य कर्मीले महिलाको मृत्यु के कारणले भएको हो, भन्नु भएको थियो कि थिएन भनेर यस प्रश्नले जान्ने खोजिएको छ । मृत्युको कारण भनेको भए “१” र नभनेको भए “२” मा गोलो लगाउनुहोस् । यदि उत्तरदातालाई मृत्युको कारण भनेको वा नभनेको थाहा नभए “९८ मा र उत्तर दिन नचाहेमा “९९” मा गोलो लगाउनुहोस् ।

**प्र.न. १००५ र प्र. नं. १००६ वहाँको मृत्यु स्वास्थ्य संस्थामा भएको भए मृत्युको प्रमाण पत्र दिईएको छ?**

यस प्रश्नले, महिलाको मृत्यु स्वास्थ्य संस्थामा भएको भए, मृत्युको प्रमाण पत्र दिईएको थियो कि थिएन भनेर जान्न खोजेको छ । महिलाको मृत्यु कुनै स्वास्थ्य संस्थामा भएको भए मृत्युको प्रमाण पत्र दिईएको थियो वा थिएन भनेर सोधेर उपयुक्त उत्तरमा गोलो लगाउनु पर्दछ । यदि प्रमाण पत्र दिईको थियो भन्ने उत्तर आएमा ’१” मा गोलो लगाएर, मृत्युको प्रमाण पत्रमा लेखिएको कारण प्र. नं. १००६ मा लेख्नुहोस् ।

**खण्ड ११. जोखिमयुक्त व्यवहार**

**प्र.न. ११०१ के उहाँले तल दिईएका कुनै स्वास्थ्य सम्बन्धि व्यवहारहरु गर्नुहुन्थियो ?**

क. **के उहाँले मध्यपान (रक्सि, छ्यांग, जाँड, आदि) गर्नुहुन्थ्यो ?**

ख. **के उहाँले सुर्ती जन्य पदार्थ (चुरोट, सिगार, पाईप, खैनी आदि) पिउनुहुन्थ्यो / सेवन गर्नुहुन्थ्यो ?**

यस प्रश्नमा मृतक महिलाले कुनै जोखिमयुक्त व्यवहार गर्नु हुन्थयो भनेर जान्न खोजिएको छ । मृत्यु हुनु भन्दा अगाडी मध्यपान र सुर्तीजन्यपदार्थ पिउनुहुन्थ्यो / सेवन गर्नुहुन्थयो भनेर सोध्नुहोस् । सोधिएको प्रश्नको जवाफ हो/थियो आएमा “१” मा र होईन/थिएन आएमा “२” मा गोलो लगाउनु पर्दछ । यदि थाहा छैन भन्ने उत्तर आएमा “९८” र उत्तरदाताले जवाफ दिन नचाहेमा “९९” गोलो लगाउनु पर्दछ ।

एउटा प्रश्नको उत्तर आए पछी मात्र अर्को प्रश्न सोध्नुहोस् ।

**प्र.न. ११०२ के उहाँले लागु औषध सेवन गर्नुहुन्थ्यो ?**

यस प्रश्नमा मृतक महिलाले कुनै लागु औषधि सेवन गर्नु हुन्थयो भनेर जान्न खोजिएको छ । मृत्यु हुनु भन्दा अगाडी कुनै लागु औषधि सेवन गर्नु हुन्थयो भनेर सोध्नुहोस् । सोधिएको प्रश्नको जवाफ हो/थियो आएमा “१” मा र होईन/थिएन आएमा “२” मा गोलो लगाउनु पर्दछ । यदि थाहा छैन भन्ने उत्तर आएमा “९८” र उत्तरदाताले जवाफ दिन नचाहेमा “९९” गोलो लगाउनु पर्दछ ।

## – समाप्त —

अन्तर्वार्ताको सुरुमा लेख्नुभएको महिलाको मृत्युसँग सम्बन्धित विस्तृत विवरण पढ्नुपर्दछ । अन्तर्वार्ताको क्रममा उत्तरदाताले दिएको जानकारीको आधारमा पहिला छुटेको भए वा थप जानकारीहरू आवश्यक भएमा सोधेर दिइएको खाली ठाउँमा विस्तृत रुपमा लेख्नुपर्दछ । प्रश्नावली भरिसकेपछि सोधिएका सबै प्रश्नहरूको जवाफ आयो कि आएन भनि जाँच गर्नुपर्दछ । कुनै प्रश्नमा केही थप जानकारी लिन आवश्यक भएमा लेख्नुपर्दछ। प्रश्नावली राम्रोसँग भरियो भन्ने यकिन भएपछि उत्तरदातालाई उहाँले दिनुभएको समय र सहयोगको लागि धन्यवाद दिनुपर्दछ । तपाईले भरेको प्रश्नावली रुजु गरेर उत्तरदातालाई धन्यवाद दिइसकेपछि तपाईको कुनै टिप्पणीहरू भए प्रश्नावलीको अन्तिम पानामा दिइएका खाली ठाउँमा उल्लेख गर्नुपर्दछ ।

अन्त्यमा यस प्रश्नावली भर्ने व्यक्तिले नाम र थर, पद, कार्यलयको नाम र मिति लेखी दस्तखत गरी भरिएका प्रश्नावली समिक्षक कहाँ प्रस्तुत गर्नुपर्दछ ।